# FINAL REPORT

## भ्रष्टाचार एक समस्या : अन्तरक्रिया कार्यक्रम

## Interaction Program on CORRUPTION: A THREAT

**21 December 2003**

श्री नूतन थपलिया, सल्लाहकार, FOHRID
डा. टीका पोखरेल, सल्लाहकार, FOHRID
अधिवक्ता कृष्ण देवकोटा : कानूनी सल्लाहकार, FOHRID

*प्रतिवेदन सल्लाहकार*

श्री भेषनाथ सापकोटा- मानवशास्त्री, पद्मकन्या क्याम्पस
श्री वीरेन्द्रपसाद थपलिया- सभापति FOHRID

*प्रतिवेदन लेखन तथा सम्पादन*

राजकुमार शिवाकोटी, महासचिव, FOHRID

**सहकार्य (Supported By) :**

ट्रान्सपरेन्सी इन्टरनेशनल- नेपाल

**Transparency International Nepal**

**© FOHRID (Human Rights and Democratic Forum), 2003**

**FOHRID** HUMAN RIGHTS AND DEMOCRATIC FORUM
मानव अधिकार तथा प्रजातान्त्रिक मञ्च

428 Gyaneshwor Marga, Gyaneshwor, Kathmandu
Postal Address: P.O. Box 19186, Kathmandu, Nepal
Tel: +977-1-44 23 125, Fax: +977-1-44 38 812
E-mail: fohrid@wlink.com.np
Website: www.fohrid.org.np,
www.fohridnetwork.org

## Executive Summary

1. Introduction of Program :

FOHRID, Human Rights and Democratic Forum has initiated democracy strengthening programs for the institutional development of representative democracy. FOHRID has been conducting gathering, seminar, interaction, symposium and discussion programs for this. It is felt that the effective implementation of strategy to wipe out obstacles in the way to institutional development of representative democracy is necessary. Achievements of the popular democratic movement of 1990 are almost non-existent. Regressive radial rightist and radial leftist fronts are attacking representative democracy. Major reasons for this are the inefficiency of the political parties, increasing political criminalization, impunity, crisis in governance, lack of good governance, transparency and accountability, corruption and political frustration and indifference. The system in the state mechanism gave way to the marginalization of a great mass of people. Current political conflict has dismantled the nation as the central state mechanism could not run according to a truly democratic system.

Under these circumstances, FOHRID has launched programs on strengthening democracy. This program has prioritized three major areas. First priority of FOHRID is the reform and restructuring of political parties that includes vote's awareness campaign. A one-day discussion program has already been conducted in this issue, the report of which has already been made public. Several articles have been published in major national news papers by members of FOHRID team in this subject matter for lobbying, e.g. by Mr. Bhim Pd. Bhurtel on 05 September 2003 in the Kantipur, by Mr. Tulasi Bahadur Karki on 05 January 2004 in The Kathmandu Post and by Mr. Nutan Thapaliya on 21 December 2003 in Chhalapal Weekly. Secondly, combating corruption for the development of transparency and accountability. A one-day interaction program has already been held in this issue also. The report of this interaction program will also be distributed once it is finalized. Thirdly, campaign on minimization of the crisis in governance and the promotion of good governance against political indifference. We are planning to organize a discussion program in this subject soon.

Despite its concern to corruption, this program will be a part of democracy strengthening campaign. It is hoped that this program will assist in formulating strategy for good governance as well as to initiate a debate to create pressure against major stakeholders of democratic process. In this connection, FOHRID organized this interaction program in collaboration with the Population Department, Padmakanya Campus, Bagbazar.

2. Program Rationale and Background :

Corruption is the major obstacle in the way of economic and institutional development of representative democracy in Nepal. Corruption is developing as a mysterious and omnipresent force. This is felt as the hindrance of economic and political development, political stability and good governance. Civil servants and the people in the position of public accountability have been found using public property and their position for private interest. Culture of defending one's party or community at any cost has encouraged corruption. While evaluating the trend of past 12 years of democratic rule, one can conclude that the unlimited rights and the decision at the policy level have been found used as sure ways of corruption. This proves that the state mechanism itself is responsible to encourage corruption. Corruption is encouraged and promoted by the government, ministries, parliaments and the court. Passivity of the government and the state mechanism formed against 2058, and empowerment of Commission for Investigation of Abuse of Authority (CIAA) Amendment Act-2058 etc. the action of CIAA has not escaped criticism. The action of CIAA has crossed the boundary of the practice and spirit of rule of law. Rule of law and transparency are the major issues of concern in democratic system. There is no clear base for the actions of CIAA. The report of the Judicial Commission for Property Investigation (JCPI) should be made public first; only then, people can believe that the actions are made according to the spirit of rule of law. It will be harmful if the action is based on prejudice, political revenge and the direction of the unseen power. Corrupt should be punished but the process should follow the rule of law and the spirit of democracy. Otherwise, people will be compelled to think that the CIAA is becoming the weapon of regressive forces.

There is not a good tradition of theorizing and conceptualization of corruption in Nepal. Corruption is regarded as a problem. But its effect in different sectors is yet to be explored. Adequate debates and study on the scope, causes, effects and the measures have not been made. Hence, it is required to conduct visible and objective efforts in this field.

The program has the following objectives:

a) To draft a theoretical and pragmatic foundation for study, research, theorization, documentation of the scope, causes and effects of corruption.
b) To suggest long term and short term measures for effective control of corruption through identifying scope, causes and effects of corruption.
c) To identify problems and obstacles of corruption.
d) To prepare work plan and strategy for FOHRID to combat corruption.

4. Methodology of Program:

The methodology applied for this program is a roundtable discussion and interaction. Two discussion papers were presented in this program. Experts gave their views in the papers. Renowned scholars from different fields of social science and politicians, independent scholars, journalists, anti-corruption campaigners and representatives from corporate sectors contributed with their views on scope, causes and measures to be taken. A three member team of reporters collected the issues and suggestions raised in the program. Concluding remarks were presented at the end of the discussion program by Mr. Nutan Thapaliya. A strategy to combat corruption is prepared based on the suggestions and recommendations during the program.

5. Program's Code of Conduct:

Participants were requested to follow the code of conduct as follows:

a) Participants can express their views within allotted time.
b) Issues raised previously cannot be repeated.
c) The participants should directly enter into the subject matter while expressing comments and views.
d) The participants are requested to restrict their comments on the following areas :

    i) Sectors influenced by corruption in Nepal.
    ii) Causes of corruption in Nepal-natural, cultural, political and other.
    iii) Problems and obstacles in corruption control.
    iv) Strengths and weakness of the current state mechanism of corruption control in the policy and implementation level in Nepal.

6. Findings and Outcome of the Interaction Program:

1. Corruption affected areas :

    a. Policy and decision making level
    b. Political Level
    c. Administration
    d. Legislation
    e. Jurisdiction
    f. Political Parties
    g. Royal Palace
    h. Security administration
    i. Free Student Union
    j. Religious bodies, e.g. Pashupatinath Guthi
    k. Non-governmental sector (NGOs and INGOs)
    l. Informal sector (retailers etc.)
    m. Trade and business sector

n. Professional (doctors, engineers, contractors, lawyers)
o. Environment
p. Language, e.g. distortion of language

2. Causes of Corruption:

1. Centralized traditional state administration.
2. Lack of modernism, democracy, rule of law, civil supremacy, transparency, accountability, good governance in the political field.
3. Lack of effective law, minimum punishment, lack of improvement in penal system, inefficiency of anti-corruption bodies.
4. Absence of high-economic growth, low economic opportunities, low income, lack of state accountability, implementation of liberal policy without preparation, low salary of the civil servant, lack of system to disclose income sources.
5. Lack of transparency in the political parties, expensive election system, entry of people with criminal track record and impunity in politics, political instability and politics without vision.
6. Lack of moral and civic education, traditional social structure.
7. Nepotism, favoritism, *afno manche*, fatalistic culture.
8. Individual psychology and gene.

3. Obstacles and Problem in Combating Corruption:

1. State mechanism is unable to work with efficiency because of the traditional administration; similarly, government is not running according to the civil supremacy and spirit of separation of power, breakdown of spirit of limited governance.
2. Lack of commitment and abuse of authority by the political leadership.
3. Expensive election system and lack of transparency in the financial resources of the political parties.
4. Lack of effective laws and state bodies
5. Low economic growth, lack of adequate economic opportunities, low per capita income and disproportional distribution of the political economic resources.
6. Failure of the government in ensuring social services, e.g., education, health, security and lack of comprehensive social security system.
7. Lack of mechanism for making effective policy and implementation and the failure of the government in impact management.
8. Concealment of the report of Judicial Commission for Property Investigation.
9. Trend of regarding economic and material prosperity as a natural phenomenon due to utilitarian culture generated by globalization and liberal policy.
10. Lack of effective law to regulate royal palace expenditure and the King's trend of spending resources on his own.
11. Lack of total consciousness in the public and inefficiency of the civil society in respect to corruption control.

4. Strengths and weakness of the state mechanism of corruption control in the policy and implementation level in Nepal:

Strengths

a. Parliamentary Public Account Committee and its activities.
b. Auditor General's office as a constitutional body according to the spirit of separation of power.
c. Formation of Corruption Control Act-2059, amendment in the CIAA Act – 2058
d. Formation of Special Court
e. Positive role of the civil society and media in the democratic system after 1990

f. Frequent emphasis to the issues of good governance and transparency by the donor community.
g. Ratification of the International Convention against Corruption on 10 December 2003 by Nepal.

Weakness

a. Prejudiced action of the CIAA
b. Concealment of the report of judicial Commission for Property Investigation.
c. Corruption as a weapon for political revenge
d. Superficial logic that the action against corrupt helps regression
e. Reduced role of democratic body and system in the state mechanism.
f. Lack of adequate resources, means and freedom of CIAA
g. Dominance of military concept due to political conflict.
h. Reduction of pluralistic society and good governance due to political stalemate.
i. Lack of promotion of political stability and democracy.
j. Lack of transparency and accountability after the October 4 move.
k. Failure oriented administration
l. Concealment of the report of the Auditor General in the Fiscal Years 2058/2059 and 2059/2060.

5. Recommendations for Combating Corruption :

a. Action against the corrupt based on the report of the Judicial Commission for Property Investigation after the report public.
b. Reform in ruling system and administration.
c. Reform of political party, formation of law for their financial transparency and formation of state fund for the political parties.
d. Formation of policy to discourage entry of corrupt leaders and cadres in the party.
e. Freedom of Election Commission, CIAA, and semi-judiciary body for their effective role.
f. Capacity building of Civil Society.
g. Public awareness campaign on corruption and encouraging moral and civic education.
h. Media and civil society must make public the incidents of corruption after regular follow up and supervision.
i. An independent body should be formed to keep record of the political and other people in the public accountability.
j. Formation and amendment of the laws governing ceremonial and other expenditure of the royal palace.
k. Joint effort of the political parties, civil society, media, commerce, business sector to combat corruption should be initiated.
l. Ensuring economic opportunities by the state without prejudice and bad intention.
m. Ban to speak openly on certain sectors, e.g. royal palace should be lifted and all the laws should be formed by the parliament.
n. Democracy should be strengthened and transparency should be ensured for supervising corruption.
o. The oath of the people for the position in the public accountability should include, beside other things, that he will not be corrupt.
p. Why culture should be developed-how, from where and which source is public official earning should be enquired by the people.
q. Formation and implementation of laws to regulate income and expenditure of the religious sectors like Pashupatinath.
r. Implementational effects of liberal economy after 1990 should be studied seriously and appropriate measures should be taken to protect vulnerable groups.
s. Anti-corruption programs such as advocacy, lobbying should be initiated. Policy and process for transparency and accountability should be formed.
t. Thorough study on various aspects of corruption is necessary.
u. Code of conduct should be formed on trade, commerce, industry, contract etc.

v. Interaction should be organized among all stakeholders to formulate appropriate strategy to combat corruption.

w. Web page and ethic bulletins should be published on corruption.

भूमिका :

मुलुकमा प्रजातन्त्रको सवलीकरणका लागि भ्रष्टाचार कठिनाइका रुपमा रहेकोछ । भ्रष्टाचार नियन्त्रण गर्ने रणनीति तग गर्ने र यसका मुख्य साझेदारसंग छलफल चलाउने उद्देश्यले मानव अधिकार तथा प्रजातान्त्रिक मञ्च (FOHRID) र जनसंख्या विभाग, पद्मकन्या क्याम्पसको संयुक्त आयोजनामा गत २०६० पुस ६ गते "भ्रष्टाचार एक समस्या : अन्तरक्रिया कार्यक्रम" **(Interaction Program on Corruption : A Threat)** सम्पन्न भएको थियो ।
भ्रष्टाचारविरुद्ध आगामी कार्यक्रमहरु सञ्चालन गर्ने सम्बन्धमा विभिन्न क्षेत्रका व्यक्तिहरुसंगको अन्तरक्रिया र छलफल गरी उहाँहरुको दृष्टिकोणको निचोडबाट भ्रष्टाचार विरुद्धका कार्यक्रमहरुको योजना तर्जुमा गर्ने लक्ष्यले यो कार्यक्रम आयोजना गरिएको हो । यस कार्यक्रमलाई आर्थिक सहयोग उपलब्ध गराईदिएकोमा ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाललाई आयोजकका तर्फबाट धन्यवाद दिन चाहन्छौ । त्यसै गरी ब्यानर प्रयोजन गर्ने अल्फा बिटा इन्सिच्युट र फोटोग्राफरको जिम्मेवारी वहन गर्ने मित्र केवल कुमार चापागाइँ तथा अशोक भण्डारी, साथै सभाकक्ष उपलब्ध गराईदिने पद्मकन्या क्याम्पस परिवारलाई धन्यवाद दिन चाहन्छौँ । यस कार्यक्रमको सपलताकालागि श्री नूतन थपलिया, डा. टिका पोखरेलले गर्नु भएको सल्लाह, सुझाव, प्रोत्साहन र निर्देशन तथा कार्यक्रममा अति व्यस्तताको बावजूद आफ्नो अमूल्य समय दिई गहन विचार व्यक्त गरिदिनु हुने श्री नीलाम्बर आचार्य, सुभाषचन्द्र नेम्वाङ्ग र हृदेश त्रिपाठी, राधेश्याम अधिकारी, डा. त्रिभुवन जयसवाल, डा. टिका पोखरेल, डा. हेमन्त दवाडी, हरिबहादुर थापा लगायतका आमन्त्रित वक्ताहरु र कार्यक्रमको सभापतित्व गरिदिनु हुने श्री देवी प्रसाद अधिकारी प्रति आभार व्यक्त गर्न चाहन्छौँ ।

कार्यक्रममा कार्यपत्र प्रस्तुत गरिदिनुहुने श्री नूतन थपलिया, भीमप्रसाद भुर्तेल र भाषागत शुद्धाशुद्धिमा सहयोग गर्नुहुने नारायणप्रसाद लुइटेल र आनन्द राई प्रति विशेष धन्यवाद दिदैँ यस कार्यक्रमलाई सफल पार्नै मद्धत गर्नुहुने सम्पुर्ण सहभागीहरुलाई सहर्ष धन्यवाद ज्ञापन गर्दछौ । यस अन्तरक्रिया कार्यक्रमको प्रतिवेदन तथा अनुसूची निम्न अनुसार भएको व्यहोरा विनम्रतासाथ जानकारी गराउँदछौ ।
प्रतिवेदन खण्ड : कार्यक्रमको परिचय, कार्यक्रमको मूलाधार र पृष्ठभूमि, कार्यक्रमको उद्देश्य, कार्यक्रमको विधि, कार्यक्रमको आचारसंहिता । त्यसपछि कार्यक्रमको Proceeding Report र अन्तमा कार्यक्रमका Findings, भ्रष्टाचार नियन्त्रणका कठिनाईं तथा बाधाहरु, यसका सवल तथा दुर्वलपक्षहरु र भ्रष्टाचार नियन्त्रणका सुझावहरु प्रस्तुत गरिएकोछ । अनुसूची खण्डमा : कार्यक्रममा प्रस्तुत कार्यपत्रहरु, कार्यक्रममा सहभागीहरुको सूची, कार्यक्रमबारे पत्रपत्रिकामा प्रकाशित समाचारको प्रतिलिपि, कार्यक्रमको फोटोहरु, खर्च विवरण अन्य चिठिपत्रहरु समावेश गरिएकोछ । अन्तमा कार्यक्रम र यस प्रतिवेदन सम्बन्धमा यहाँको गहन सुझाव तथा टिप्पणीको प्रतिक्षा गर्दै हाम्रा आगामी कार्यक्रमहरुलाई सहयोग पुर्‍याइदिनुहुनेछ भन्ने विश्वास प्रकट गर्दछौ । धन्यवाद ।

भेषनाथ सापकोटा, लेक्चरर
जनसंख्या विभाग, पद्मकन्या क्याम्पस परिवार
बागबजार
मिति : २०६०/०९/२०

वीरेन्द्रप्रसाद थपलिया
अध्यक्ष तथा FOHRID परिवार
मिति : २०६०/०९/२०

# विषयसूची

## क) प्रतिवेदन खण्ड


१. कार्यक्रमको परिचय १

२. कार्यक्रमको मूलाधार र पृष्ठभूमि १

३. कार्यक्रम उद्देश्य २

४. कार्यक्रमको विधि २

५. कार्यक्रममा आचारसंहिता २

६. अन्तरक्रिया कार्यक्रमको PROCEEDINGS प्रतिवेदन ३

**I.** कार्यक्रमको उपदेयतामाथि प्रकास ३

**II.** कार्यक्रममा प्रस्तुत कार्यपत्रको सारसंक्षेप ३

**III.** टिप्पणीकार र अन्तरक्रियामा सहभागीहरुको विचार ४-१२

७. अन्तरक्रिया कार्यक्रमका परिणाम र ठहरहरु

**(Finding & Outcome of Interaction Program)** १३

**I.** नेपालमा भ्रष्टाचारबाट प्रभावित क्षेत्र १३

**II.** भ्रष्टाचारका कारण १३

**III.** भ्रष्टाचारका नियन्त्रणका कठिनाई तथा बाधाहरु १४

**IV.** विद्यमान राज्यसंयन्त्रका भ्रष्टाचार नियन्त्रणका नीति तथा कार्यगत पक्षका सवलता र दुर्वलताहरु १४

**V.** भ्रष्टाचार विरुद्ध संघर्षका लागि सुझावहरु १५


## ख) अनुसूची खण्ड


१) कार्यक्रममा प्रस्तुत कार्यपत्रहरु

A. नेपालमा राजनीतिक भ्रष्टाचार : अन्तरविषयगत अवधारणा

B. भ्रष्टाचार र संस्कृति

२) कार्यक्रमको उपदेयताको पूर्ण पाठ

३) कार्यक्रममा सहभागीहरुको सूची

४) कार्यक्रमको फोटो

५) कार्यक्रमबारे पत्रपत्रिकामा प्रकाशित समाचारको प्रतिलिपि

६) कार्यक्रमसंग सम्बन्धित अन्य चिठ्ठीहरु

७) कार्यक्रमको खर्च विवरण


## प्रतिवेदन खण्ड

## १. कार्यक्रमको परिचय (Introduction of Program) :

मानवअधिकार तथा प्रजातान्त्रिक मञ्च (फोरिड) द्वारा मुलुकमा प्रजातन्त्रको संस्थागत विकासमा सघाउ पुऱ्याउने उद्देश्यले प्रजातन्त्रको सवलीकरण कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । यस विषयमा भेला, गोष्ठी, अन्तरक्रिया र सेमिनारहरुको आयोजनाद्वारा जनमत निर्माण गर्दै आइरहेको छ । प्रजातन्त्रको संस्थागत विकासमा बाधक तत्वको रुपमा रहेका क्षेत्रहरुमा राजनीतिक सुधारका रणनीतिको तर्जुमा गर्न र त्यसको प्रभावकारी कार्यान्यवयनको अति आवश्यक भएको छ । २०४६ सालको ऐतिहासिक जनआन्दोलनको उपलब्धिको रुपमा रहेको प्रजातन्त्रको अस्तित्व करिब-करिब समाप्त भइसकेको छ । हाल प्रजातन्त्रमाथि अतिदक्षिणपन्थी र अतिवामपन्थी दुवै कोणबाट सशक्त प्रहार भइरहेको छ । यसको एउटा कारण विगतमा राजनीतिक दलहरुको असक्षमता, बढ्दो राजनीतिक अपराधीकरण, दण्डहिनता, शासनको संकट, असल शासन एंव पारदर्शिता र जवाफदेहिताको अभाव, भ्रष्टाचार र राजनीतिक नैराश्यता तथा उदासिनता आदि हुन् । साथै राज्यप्रणालीको संरचनामा भएका कमीकमजोरीहरु, जसले सिमान्तकृत जनताको ठूलो हिस्सालाई मूलधारमा ल्याउन सकेन, त्यो हालको राजनीतिक संकटको कारणका रुपमा विकसित भएकोछ । केन्द्रकीत राज्यप्रणालीको संरचना वास्तविक रुपमा लोकतान्त्रिक प्रणालीमा रुपान्तरण हुन नसक्दा नै वर्तमान राजनीतिक द्वन्द्वले मुलुकलाई अस्तव्यस्त पारेकोछ ।

यसै सन्दर्भमा, यो संस्थाले प्रजातन्त्रको संस्थागत विकासका लागि प्रजातन्त्र सवलीकरण कार्यक्रम सञ्चालन गर्दैछ । यस कार्यक्रमले मुख्य तीनवटा सवालहरुलाई प्राथमिकतामा राखेकोछ । पहिलो प्रजातन्त्रको मर्म र भावनाको प्रतिनिधित्व गर्न एंव यसको प्रमुख अभिकर्ता राजनीतिक दलहरुको सुधार र पुन : संरचना र यसैमा जोडेर मतदाता सचेतता कार्यक्रम रहेकोछ । दोस्रो सवालमा असल शासनको प्रत्याभूति दिन शासनको संकट न्यूनिकरण गर्दै राजनीतिक उदासिनताको अन्त्यका लागि कार्यक्रम र तेस्रोमा पारदर्शिता र जवाफदेहिताको विकासकालागि भ्रष्टाचार विरुद्धको संघर्ष ।

यो कार्यक्रम भ्रष्टाचार विषयमा केन्द्रीत रहेपनि मुलुकको प्रजातन्त्रको सवलीकरण कार्यक्रमकै एक हिस्साको रुपमा रहनेछ । यसले भ्रष्टाचारको नियन्त्रण गरी असल समाज निर्माण गर्न रणनीति तय गर्ने र यसका मुख्य साझेदारहरु माथि दबाब पुऱ्याउन सार्वजनिक बहस प्रारम्भ गर्न मद्दत गर्नेछ भन्ने लक्ष्य राखिएकोछ । यसै सन्दर्भमा यस संस्था र जनसंख्या विभाग पद्मकन्या क्याम्पस बागबजारको संयुक्त आयोजनामा यसै अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको हो ।

## २. कार्यक्रमको मूलाधार र पृष्ठभूमि (Program Rationale and Background) :

नेपालको आर्थिक र प्रजातन्त्रको संस्थागत विकासको प्रमुख बाधक तत्वको रुपमा भ्रष्टाचार देखिएकोछ । भ्रष्टाचार सर्वव्यापक र अदृश्य शक्तिका रुपमा विकसित हुँदै गइरहेकोछ । यो राजनीतिक तथा आर्थिक विकास, राजनीतिक स्थायित्व र सुशासनको बाधकका रुपमा पनि रहेकोछ । अर्कोतर्फ सार्वजनिक अधिकारीहरुमा आफ्नो ओहोदालाई निजी लाभका रुपमा उपभोग गर्ने र सार्वजनिक सम्पत्तिलाई व्यक्तिगत सम्पत्तिका रुपमा उपयोग गर्ने प्रवृत्ति बढेकोछ । आफ्ना मान्छे, आफ्नो पार्टी वा समुदायको मान्छेको संरक्षण गर्ने संस्कारले गर्दा भ्रष्टाचार नेपालको विकास प्रक्रियाको ठूलो बाधकतत्वको रुपमा रहेको छ । विगत १२ वर्षको भ्रष्टाचारको प्रक्रिया र प्रवृत्तिलाई हेर्ने हो भने नेपालमा 'तजविजी अधिकार' र 'नीतिगत निर्णय' को प्रयोगबाट भ्रष्टाचारलाई संस्थागत गरिएको छ । यसबाट राज्य वा राज्यसत्ताद्वारा नै भ्रष्टाचारलाई प्रोत्साहित र संरक्षित भ्रष्टाचार हो । भ्रष्टाचार नियन्त्रण सम्बन्धी विगतमा कानुनी र राज्यसंयन्त्र सक्रिय नहुनाले यस तर्कलाई बल दिन्छ । पछिल्लो समयमा भएका

कानुनी र राज्यसंयन्त्र अर्थात विशेष अदालत ऐन, अख्तियार ऐन आदिको कार्यान्यवयन र सक्रियतालाई सकारात्मक रुपमा लिइनुपर्दछ । तर अख्तियारको कारवाही पूर्वाग्रही देखिएको छ । यो प्रक्रिया कानुनको शासनको अभ्यास र मर्म विपरीत छ । प्रजातन्त्रमा कानुनको शासन र पारदर्शिताको सवाल सबैभन्दा महत्वपूर्ण पक्ष हो । अख्तियारको कारवाहीको आधार स्पष्ट छैन । पहिलो सम्पत्ति छानबिन आयोगको प्रतिवेदन सार्वजनिक गरिनुपर्दछ, त्यसपछि कानुनको शासनको मर्म अनुसार कारवाही अगाडि बढाउनु पर्दछ । पूर्वाग्रही, राजनीतिक प्रतिसोध र अदृश्य शक्तिको निर्देशनमा कारवाही अगाडि बढाइएमा यो दुर्भाग्यपूर्ण हुनेछ । त्यसकारण भ्रष्टाचारीलाई हदैसम्मको सजाय हुनुपर्दछ तर यो कानुनको शासन र प्रजातन्त्रको मर्म अनुसार हुनुपर्दछ ।

अर्कोतर्फ, नेपालमा भ्रष्टाचारबारे सैद्धान्तिकरण र अवधारणीकरणको त्यति उदाहरण छैन । भ्रष्टाचार समस्याका रुपमा लिइन्छ । तर, त्यसले कुन-कुन क्षेत्रमा कस्तो प्रभाव पार्छ त्यसबारे अध्ययन भएकोछैन । भ्रष्टाचारका क्षेत्र, कारण, परिणाम र नियन्त्रणका प्रभावकारी उपायको बारेमा खासै बहस भएकोछैन । अत : हाम्रो समाजमा यस पक्षमा ठोस र वस्तुगत कार्यहरुको नितान्त आवश्यकता रहेकोछ ।

## ३. कार्यक्रमको उद्देश्यहरु (Objectives of Program) :

यस कार्यक्रमको उद्देश्यहरु निम्न रहेका छन् :

(क) भ्रष्टाचारका कारण, क्षेत्र, परिणामका बारेमा अध्ययन, अनुसन्धान, सैद्धान्तिकरण र दस्तावेजीकरणको विधिगत र सैद्धान्तिक आधार तयार गर्ने ।

(ख) भ्रष्टाचारका क्षेत्र, कारण, परिणामहरु पहिचान गर्दै प्रभावकारी नियन्त्रणका लागि दीर्घकालीन र अल्पकालीन रणनीतिहरु कस्ता हुनुपर्छ भन्ने बारे छलफल गरि सुझाव दिने ।

(ग) भ्रष्टाचार नियन्त्रणका कठिनाईं र बाधाहरु पहिचान गर्ने ।

(घ) यस संस्थाले सञ्चालन गर्ने भ्रष्टाचार विरुद्धको अभियानको कार्ययोजना र रणनीति तय गर्ने ।

## ४. कार्यक्रमको विधि (Methodology of Program) :

यस कार्यक्रमको स्वरुप गोलमेच छलफल र अन्तरक्रिया हो । यसमा दुईवटा कार्यपत्र प्रस्तुत गरिनेछन् । प्रस्तुत कार्यपत्रमाथि विषयका विशेषज्ञबाट टिप्पणी गरिनेछ । ख्याति प्राप्त प्राज्ञिक वर्गले भ्रष्टाचारको क्षेत्र, कारण र निराकरणका उपायबारेमा आफ्ना विचार प्रस्तुत गर्नेछन् । विचारको आदानप्रदान गोलमेच समितिले टिपोट गर्नेछ । अन्त्यमा निश्कर्षात्मक टिप्पणी प्रस्तुत गरिनेछ । प्रस्तुत कार्यक्रममा दिएको सुझावले भ्रष्टाचार विरुद्ध संघर्षमा रणनीति तय गरिनेछ ।

## ५. कार्यक्रमको आचारसंहिता (Program's Code of Conduct) :

प्रस्तुत कार्यक्रममा निम्न आचारसंहिता रहेको कुरा सम्पूर्ण सहभागीहरुमा निवेदन गर्दछौं ।

१) समयलाई ख्याल गरी तोकिएको समयमा आफ्नो विचार प्रस्तुत गरिदिनुहुनेछ ।
२) उठिसकेको सवाल र विषयवस्तुलाई पुनरावृत्त गरिदिनुहुने छैन ।
३) आफ्नो विचार तथा भनाईहरु प्रस्तुत गर्दा सिधैं विषयवस्तुमा प्रवेश गरिदिनुहुनेछ ।
४) कृपया आफ्नो भनाईलाई निम्न विषयहरु मध्ये कुनै एक विषयमा केन्द्रित गरिदिनुभएमा कार्यक्रम सञ्चालनमा सजिलो हुनेछ ।

कार्यपत्रले उठाएका सवालहरु :

- नेपालमा भ्रष्टाचारबाट प्रभावित क्षेत्र ।
- नेपालमा भ्रष्टाचारका कारण- प्राकृतिक, सांस्कृतिक, राजनैतिक या अन्य के हो ?
- भ्रष्टाचार नियन्त्रणका कठिनाई तथा बाधाहरु ।
- भ्रष्टाचार नियन्त्रणका वस्तुगत उपायहरु र कार्यविधि ।
- राज्यसंयन्त्रको विद्यमान भ्रष्टाचार नियन्त्रणका नीतिगत र कार्यगत पक्षका सवलता र दुर्वलताहरु ।

## ६. कार्यक्रमको Proceedings प्रतिवेदन :

### I. कार्यक्रमको उपदेयतामाथि प्रकास : वीरेन्द्रप्रसाद थपलिया, सभापति FOHRID

भ्रष्टाचार, राजनीतिक तथा आर्थिक विकास, राजनीतिक स्थायित्व र सुशासनको बाधकका रुपमा रहेकोछ । नेपालमा तजविजी अधिकार र नीतिगत निर्णयको प्रयोगबाट भ्रष्टाचारलाई संस्थागत गरिएकोछ । सरकार, राज्यप्रमुख, विधायिका र न्यायपालिकामा हुने राज्यद्वारा विकसित, प्रोत्साहित र संरक्षित भ्रष्टाचार नियन्त्रणका सकारात्मक प्रयास हुन् । तर अख्तियारको कारवाही पूर्वाग्रही र कानुनको शासनको मर्म विपरीत छ । यस अन्तरक्रिया कार्यक्रमद्वारा भ्रष्टाचारबाट प्रभावित क्षेत्र भ्रष्टाचारका कारण, नियन्त्रणका बाधा र कठिनाईंहरु पहिचान तथा भ्रष्टाचार विरुद्धको अभियानका लागि रणनीति तय गर्ने हाम्रो लक्ष्य रहेकोछ ।

### II. कार्यक्रममा प्रस्तुत कार्यपत्रहरु :

#### A. नेपालमा राजनीतिक भ्रष्टाचार : अन्तरविषयगत अवधाराणा, प्रस्तोता : भीमप्रसाद भुर्तेल

भ्रष्टाचारको परिभाषा आफैमा एक कठिन कार्य हो । विद्वानहरुको यस विषयमा फरक, फरक धारणा रहेकोछ । भ्रटाचार वृहतर, अस्पष्ट र व्यक्तिको व्याख्या एंव संस्कृतिमा निर्भर गर्ने शब्दावली हो । भ्रष्टाचार भनेको एउटा सार्वभौम प्रघटना हो । पहिले यसलाई नैतिक स्खलन (Moral Erosion), असामान्य (Uncommon), पृष्ठक्षेत्रिय (Peripheral), विपथगामी (Deviant) र अस्थायी मानिन्थ्यो भने हाल सामान्य, गहिरो र समाजिक संस्कृति (Deep rooted Socio-Culturally) रुपले विकसित र स्थायी मानिन्छ । यस कारण भ्रष्टाचारले वृहतर क्षेत्र ओगटदछ । यसले नीतिशास्त्र, धर्मशास्त्र, नैतिकता, सदाचार, जनप्रशासन, अर्थशास्त्र, समाजशास्त्र/मानवशास्त्र र कानुनको दृष्टिकोणको आधारमा परिभाषा, अर्थ र क्षेत्रलाई निर्धारण गर्दछ । नेपालमा केन्द्रिकृत राज्यसत्ताको निर्माणभन्दा अगाडि नै भ्रष्टाचार विद्यमान थियो ।

भ्रष्टाचारको कारणहरु : भ्रष्टाचारको कारणहरुबारे विश्लेषण गर्ने सिद्वान्तहरु साधन साध्य योजना, नैतिकहिनता प्रवृत्त पारिवारवादी दृष्टिकोण, सामाजिक जीवशास्त्रीय दृष्टिकोण, नवउदारवादी दृष्टिकोण र समाजवादी दृष्टिकोण हुन् ।

भ्रष्टाचारको परिणाम : भ्रष्टाचारको परिणामका बारे व्याख्या गर्ने मुलभुत विषयहरु अर्थशास्त्र र भ्रष्टाचार, समाजशास्त्र र भ्रष्टाचार, राजनीतिकशास्त्र र भ्रष्टाचार तथा जन प्रकाशन र भ्रष्टाचार आदि हुन ।

भ्रष्टाचार नियन्त्रणका उपायहरु : भ्रष्टाचार नियन्त्रणका उपायको रुपमा निम्न उपायहरु सिफारिस गरिएको छ :

सामाजिक उपाय, शैक्षिक उपाय, कानुनी उपाय, बजार उपाय, राजनीतिक उपाय, आर्थिक उपाय, कर प्रणाली उपाय, राजनीतिक दलहरुको सुधार र पुन : संरचना, धार्मिक र सञ्चार उपाय आदि ।

B. भ्रष्टाचार र संस्कृति : प्रस्तोता, नूतन थपलिया, वरिष्ठ मानव अधिकारवादी :

भ्रष्टाचार आर्थिक सामाजिक विकासको बाधक हो । भ्रष्टाचारका कारणले नेपाल अहिले असफल राज्य भइरहेकोछ । शान्ति सुरक्षाको स्थिति नाजुक भइरहेकोछ । मुलुकमा उत्पादन वृद्धि गरि आर्थिक सम्वृद्धि हुन सकेको छैन । कर्मचारी र राजनीतिक नेतृत्वको सांठगांठमा भ्रष्टाचार बढेको छ । भ्रष्टाचारको जड समाजको विद्यमान संस्कार हो । भ्रष्टाचारको कारणबारे महत्वपुर्ण सिद्वान्त नैतिकहिनता प्रबृत पारिवारवाद हो । धर्म र संस्कारले भ्रष्टाचारलाई प्रभाव पारेको हुन्छ । भ्रष्टाचारले नैतिकता, सामाजिक मान्यताहरु र नियम कानुनलाई तोड्न प्रोत्साहित गर्दछ । समाजभित्रका सबै संस्कारहरुमा लक्ष्य र उद्देश्य रहेका हुन्छन् । जसले गर्दा पनि भ्रष्टाचार बढ्दछ । साधन र साध्यको योजनाले समाजमा भ्रष्टाचारलाई प्रभाव पारेको हुन्छ । आर्थिक उन्नतिले भ्रष्टाचारमा कमि ल्याउँछ । प्रजातन्त्रमा पारदर्शिता र जवाफदेहिता हुने हुँदा यसै व्यवस्थामा मात्र भ्रष्टाचार कम गर्न सकिन्छ । तानाशाही व्यवस्थामा अपारदर्शिताको कारण भ्रष्टाचारको घनत्व र तह थाहा हुँदैन । तानाशाही राज्यतन्त्रमा शक्तिको केन्द्रिकरण हुनेहुँदा भ्रष्टाचार शक्ति कै आधारमा हुने गर्दछ । प्रजातन्त्रमा शक्तिको पृथकीकरण हुनेहुँदा भ्रष्टाचार नियन्त्रण गर्न सजिलो हुन्छ । भ्रष्टाचारका तमाम प्रकरणहरु पनि बाहिर ल्याउन र भ्रष्टाचार विरोधि अभियान चलाउन सजिलो हुन्छ । अर्को कुरा आधुनिकताले भ्रष्टाचार नियन्त्रण गर्न सहयोग गर्छ । आधुनिकतामा व्यक्तिको क्षमता, सार्वभौमसत्ता र तर्कसंगता हुने हुँदा भ्रष्टाचार क मगर्न सजिलो हुन्छ । परम्परागत समाजमा 'पार्टीकुलारिजम' हुन्छ । यसले आफ्नो मान्छे र नातागोतामा जोड दिन्छ र यसले भ्रष्टाचारलाई प्रोत्साहित गर्दछ । त्यसकारण भ्रष्टाचार नियन्त्रण गर्न आधुनिकता, प्रजातन्त्रमा नै जोड दिइनुपर्दछ ।

टिप्पणीकार र अन्तरक्रियामा सहभागीहरुको विचार

भेषनाथ सापकोटा (मानवशास्त्री, पद्मकन्या क्याम्पस)

समाजमा Corruption हुन्छ, त्यो सत्य हो । हामीले यहाँ भन्दैमा भ्रष्टाचार घट्न/बढ्न सक्ने होइन । हामी यहाँ Corruption बारे "Discourse" तयार गर्दछौ । भ्रष्टाचार हाम्रो जीवन पद्धति (way of life) का रुपमा विकसित भइरहेकोछ । Modernity ले घटाउँछ भन्ने नुतन थपलियाले आफ्नो कार्यपत्रमा उल्लेख गर्नुभएको छ । तर Transparency International को Report अनुसार बंगलादेशमा भ्रष्टाचार कै Modernization भएकोछ । त्यसकारण Modernity ले भ्रष्टाचार घटाउनु बदलामा बढाँउछ । Transitional Society मा भ्रष्टाचार बढी भएकोछ । त्यो USSR, China मा देख्न सकिन्छ । भ्रष्टाचारले एक प्रकारको पूँजीवाद जन्माउँछ । Modernization ले संसारमा भ्रष्टाचार बढाएको उदाहरणहरु धेरै छन् । हाम्रो समाजमा Brain Structuralism बढेकोछ त्यसले भ्रष्टाचार बढाउँछ । जस्तो मृत्यु, विवाह, तिलक आदिले भ्रष्टाचार बढाउँछ । अर्मत्य सेनको भनाई अनुसार 'Enlargement of choice' नभएर भ्रष्टाचार बढेको हो । समाजमा व्यक्तिको Income कम भएर भ्रष्टाचार हुन्छ । हामी सिकारु भ्रष्टाचारीहरु Perfect भ्रष्टाचार बन्दैछौं । Rationality ले भ्रष्टाचार घटाउँछ भन्ने तथ्य आयो, तर economic rationality ले भ्रष्टाचार बढाएकोछ । Scholars ले गर्दा नै भ्रष्टाचार बढेकोछ

किनभने उनीहरुलाई कहाँबाट भ्रष्टाचार गर्न सकिन्छ भन्ने थाहा हुन्छ । संक्रमणकालीन समयमा पुरानो मान्यता हटेको र नयाँ मान्यता स्थापित भैनसकेको कारण सन्तुलित Rationality नहुँदा भ्रष्टाचार बढ्दछ । Post Modernization अनुसार Localized Narratives मा आधारित भ्रष्टाचारको विषयमा "Discourse" हुनुपर्दछ । भ्रष्टाचार नियन्त्रणको लागि आर्थिक अवसरको विकल्प दिइनुपर्दछ । भ्रष्टाचारका विषयमा A Historic Interpretation हुनुपर्दछ । Technical modernization ले मात्र भ्रष्टाचार रोक्न सकिन्छ ।

जीवराम भण्डारी (अध्यक्ष, नेपाल स्वतन्त्र पत्रकार समाज) :

भ्रष्टाचारको कुरा गर्दा प्रजातन्त्र खतरा पर्छ भन्ने कुरा चल्छ । कार्यपत्रहरुले नीतिगत पक्षमा मात्र जोड दिएकाछन् । नुतन थपलियाको दस्तावेजमा प्रजातन्त्रमा मात्र भ्रष्टाचार नियन्त्रण हुन्छ भनिएकोछ, तर नेपालमा प्रजातान्त्रिक कालमा नै भ्रष्टाचार बढि भएकोछ । दुवै दस्तावेजमा एकै प्रकारका विषयवस्तु छन् । तन्नमहरु राजनीतिमा प्रवेश गरेर राजनजीतिलाई गुजाराको रुपमा लिए । जसका कारण भ्रष्टाचार बढेको हो । तिनको बारे कार्यपत्रमा खुलासा गरिएकोछैन । नेपालमा तानाशाही वा एकाधिकारवादी व्यवस्थामा भन्दा प्रजातन्त्रमा नै भ्रष्टाचार बढेको हो । राजदरबार खर्चमा ६३ करोड निकासा गराएको देखिएको बजेट हो । त्यो स्वभाविक खर्च हो, यो भ्रष्टाचार होइन जस्तो मलाई लाग्छ । कार्यपत्रहरुमा नीतिगत पक्षमा माध ध्यान दिइएकोछ, व्यवहारिक पक्षमा त्यति परिपक्वता छैन ।

प्रा.डा. त्रिभुवननाथ जैसवाल (त्रि.वि.वि., राजनीतिशास्त्र केन्द्रिय विभाग) :

भीमप्रसाद भुर्तेलले कार्यपत्रमा Theoretical Based रहेर Inter-disciplinary र Multi-disciplinary approach मा best गर्नु भएको छ । केहि confusions रहेका छन् । नेपाली समाजमा social, political and economic sector मा Implementational effects देखिएकोछ । नेपालमा भ्रष्टाचार नियन्त्रण गर्न Democracy Truly Established भइसकेको छैन । Person, family, community and state modernization को Process मा छ । यो परिपक्व नहुन्जेल यसको नियन्त्रणमा समस्या रहन्छ । हामी पश्चिमी मोडेल विकास प्रक्रियालाई अंगालिरहेका छौं । 1990 पछि उदारवादी अर्थतन्त्रको Model मा change हुँदा कस्तो असर भयो त्यसलाई Address गर्नुपर्छ । Education, Health क्षेत्रहरु Private sector लाई दिएपछि state को role के त ? त्यसले पनि corruption बढाएकोछ । प्रजातन्त्रबाट नै corruption check गर्न सकिन्छ । Democracy लाई strengthen गरे मात्र corruption check गर्न सकिन्छ । नेतृत्व क्षमता विकास नभएको अवस्था छ । त्यसको विकास गर्नुपर्छ । भ्रष्टाचार नियन्त्रण गर्न civil society को महत्वपूर्ण role हुन्छ । Corruption control मा civil society को role मा जोड दिनुपर्छ । भीमप्रसाद भुर्तेलको कार्यपत्रमा Theroy पक्षमा best गर्नुभएको छ, म यसलाई appreciate गर्छु । यो पश्चिमी सिद्धान्तमा आधारित छ । तर, नेपालको socio-economic context मा गर्नु भएको भए अझ राम्रो हुन्थ्यो । अर्को कुरा Administrative Sector मा कर्मचारीहरुको तलब भत्ता बढाउनुपर्छ । यसले त्यस क्षेत्रको भ्रष्टाचार घटाउन मदत गर्छ । त्यस्तै धर्मले मुल्य मान्यतामा जोड दिने हुनाले यसमा Strictly जोड दिनुपर्दछ । Political Movement ले Corruption control मा ल्याउँछ । प्रजातन्त्रमा नै जोड दिइनुपर्दछ । यसमा Transparency हुनेहुँदा भ्रष्टाचार कम गर्न सकिन्छ ।

हृदेश त्रिपाठी (पूर्व सभापति, सार्वजनिक लेखा समिति, प्रतिनिधिसभा) :

Corruption को स्रोत भनेको सत्ता र शक्ति नै हो । अर्थराजनीतिक स्रोत र सत्तामा शक्तिले गर्दा transparency को अभाव भइरहेकोछ र यसले भ्रष्टाचार बढाएकोछ । प्रजातन्त्रमा भ्रष्टाचार धेरै भएको कुरा जीवराम भण्डारीबाट व्यक्त भयो तर भ्रष्टाचारबारे सारा घटना निर्वाचित संसदकै लेखा समितिले नै उजागर गरेको थियो भन्नेबारे उहाँको ध्यान गएको छैन । पञ्चायतकालमा भएका भ्रष्टाचारहरु हेर्ने हो भने तक्मा पाउने खालका भ्रष्टाचार भएका छन् । पञ्चायतकालमा इमानदार नेता थिए भन्नु गलत कुरा हो । पञ्चायत कालमा तानाशाही व्यवस्थाका कारण भ्रष्टाचारका प्रकरण वाहिर आउदैनथ्यो । पञ्चायतकालमा पारदर्शिताको अभावले भ्रष्टाचारका घटनाहरु बहिर नआउँदा भ्रष्टाचार भएनन् भन्नु सरासर सुतुरमुर्गे चाल हो । गरिब राष्ट्रमा नीतिगत भ्रष्टाचार सबैभन्दा ठूलो समस्या हो । उदाहरणको रुपमा स्वेच्छिक कर घोषणा एउटा नीतिगत भ्रष्टाचार हो । पछिल्लो समयमा निगमका जहाज बेच्दा उमेरले २० वर्ष पुरानो जहाज भनेर बेचियो र फेरी २१ वर्ष पुरानो विमान किन्दा उडान घन्टा दरका आधारमा किनियो । लाउडा जहाज प्रकरणमा यसै आधारमा भ्रष्टाचार गरियो । असोज १८ यता रक्षा मन्त्रालयमा दर्जनौं घोटालाहरु भएका छन् । तर जनताको प्रतिनिधिमूलक संस्था सार्वजनिक लेखा समिति नभएका कारण भ्रष्टाचार बाहिर आएको छैन । परि थापा आयोगले प्रमाण र ठेगाना सहितका दोषी ठहराएका व्यक्तिहरु हाल सत्तामा छन् । अहिले तिनै अपराधीहरुले भ्रष्टाचार नियन्त्रणका कुरा गर्छन् र हामी थपडी बजाउँछौ । CIAA लाई हालको भ्रष्टाचार नियन्त्रण सम्बन्धी कानुन कसले दिएको हो ? त्यो संसदले नै दिएको हो । कुनै राजा महाराजाको देन होइन । भुर्तेलजीको कार्यपत्रमा भनिए जस्तै फेरि भ्रष्टाचार सिंहदरबारबाट नारायणहिटि दरबार सरेको छ कि छैन मलाई थाहा छैन तर तानाशाही व्यवस्थामा भन्दा निश्चित रुपमा प्रजातन्त्रमा भ्रष्टाचारका प्रकरण बाहिर आउछन् ।

सुभाषचन्द्र नेम्वाङ्ग (पूर्व सभापति, सार्वजनिक लेखा समिति, प्रतिनिधिसभा) :

एक विदेशी मित्रले TI को एउटा कार्यक्रममा भ्रष्टाचार गर्नेहरु बारे भनेका थिए, भ्रष्टाचारी जति सबै नाङ्गै हुने भए हाम्रो शहर कस्तो होला ? ती विदेशी मित्रको त्यस भनाईलाई सापटी लिएर मैले एकपटक संसदमा भनेको थिए सबै भ्रष्ट नाङ्गै हुने भए सिंहदरबार कस्तो होला ? प्रजातन्त्रमा पारदर्शिता हुनेहुँदा सबै भ्रष्टाचार प्रकरण बाहिर आउँछन् र यस विषयमा खोतलखातल गरिन्छ । पञ्चायत कालमा अधिकार सम्पन्न ठाउँबाट भ्रष्टाचार गरिन्थ्यो । जब पञ्चायतमा शक्तिलाई यो मानिस हटाउन पर्छ भन्ने भएपछि मात्र त्यो प्रकरण बाहिर आउँथ्यो । हेलीकोप्टर भाँडा प्रकरणमा आङ्ग सिरिङ्ग हुने भ्रष्टाचार भएकाछन् । हाल त्यस्ता कति कति भ्रष्टाचार भएका छन् । त्यसलाई हेर्ने निकाय छैन, त्यसकारण भ्रष्टाचार ढाकछोप भएकाछन् । त्यसकारण भ्रष्टाचारलाई Isolation मा हेर्न मिल्दैन । हाल भ्रष्टाचार अथाह रुपमा भइरहेका छन् । खोजीविन गर्ने निकाय छैन । यसभन्दा अगाडि का जति पनि भ्रष्टाचार प्रकरण बाहिर ल्याउने कार्य गऱ्यो, त्यो संसदको लेखा समितिले नै गऱ्यो । प्रतिगमन र भ्रष्टाचार एक अर्कामा पुरक कुरा हुन् । प्रजातन्त्र र भ्रष्टाचार नियन्त्रण प्रमुख कुरा हो । दुवै कार्यपत्रमा यस सम्बन्धी लिङकेज छ, यो राम्रो कुरा हो । यस वापत दुवै कार्यपत्र प्रस्तोताहरुलाई बधाई दिनुपर्छ ।

हरिबहादुर थापा (पत्रकार, कान्तिपुर दैनिक)

प्रजातन्त्रकै कारण तमाम भ्रष्टाचारका प्रकरणहरु बाहिर आएका छन् । पञ्चायतकालमा २०२९ सालमा भएको बोइङ्ग काण्ड २०३५ सालमा थाहा भयो । पञ्चायतकालमा भएका भ्रष्टाचारबारे लेख्न पाइँदैनथ्यो । प्रजातन्त्रमा खुलेर लेख्न पाइन्छ । तेश्रो संसद पछि मात्र भ्रष्टाचारका विषयका समाचारहरु बाहिर आए । महालेखाको प्रतिवेदन हेर्ने हो भने २०३७ सालमा मतदाता संख्या भन्दा मतपत्र बढी छापिएको थियो । त्यसबाट भ्रष्टाचार थियो भन्ने थाहा हुन्छ । विगत १२ वर्षमा सार्वजनिक लेखा समितिकै कारण भ्रष्टाचारका प्रकरणहरु बाहिर आएको हो । असोज

१८ गतेदेखि यता छलफल/बहस विना नै शासकीय सुधार कार्यक्रम ल्याइँदैछ । त्यो विषय पछि संसदमा प्रवेश भएपछि मात्र थाहा होला । प्रजातान्त्रिक व्यवस्थासंग आस्था नभएका राप्रपाका सांसदले धैरै प्रजातन्त्रको बदनाम गर्ने कार्य गरे । सायद उनीहरु प्रजातन्त्र प्रति आस्थावान नभएर नै होला । मुख्य सचिवले हाल शासन असफल भयो भन्नु भएको कुराले हालको वास्तविक कुरा बताउँछ । हाल पारदर्शिता र जवाफदेहिता घटेकोछ ।

अधिवक्ता कृष्ण देवकोटा :

कार्यपत्रमा कानुनी पक्षका कुराहरु छुटेकाछन् । त्यसलाई थप गरे राम्रो हुने थियो । हाम्रो दण्डप्रणालीमा सुधार हुनुपर्दथ्यो । हाल घुस खाने र खुवाउने दुवैलाई दण्ड हुन्छ । तर खुवाउनेले कुन परिस्थितिमा घुस खुवाएको हो, त्यो उजुरी गर्नेलाई सजायबाट दिएमा घुसखोरीका घटनाका उजुरी बढ्ने थिए । लाभको पद ग्रहण गर्ने व्यक्तिलाई सपथ गराउँदा गोपनियताका साथै भ्रष्टाचार गर्दिन भन्ने सपथ/कसम पनि खुवाउनु पर्दछ । यसो भएमा ती अधिकारहरुले भ्रष्टाचार गर्न डराउँछन् । निर्णय प्रक्रियामा मनोबल (सार्वजनिक अधिकारी) को बढाउनुपर्छ । कहिलेकाँही इमान्दार भ्रष्टाचारको आरोप लाग्ने डरले निर्णय गर्न चाहँदैन । त्यसको विकाु गरे इमान्दारीसाथ निर्णय गर्ने परिपाटी बस्दछ ।

डा. हेमन्त दवाडी : (निर्देशक, FNCCI) :

म दुवै कार्यपत्रले सम्बबोधन गरेका पक्षहरुप्रति सहमत छु । दुवै कार्यपत्रले Corporate क्षेत्रमा हुने भ्रष्टाचारलाई सम्बोधन गर्न सकेको छैनन् । मेरो विचारमा Corporate र Business क्षेत्रहरुमा हुने भ्रष्टाचारको मुख्य पक्ष हो । वाणिज्य तथा व्यापारिक क्षेत्रको भ्रष्टाचार विरुद्ध FNCCI ले Anticorruption Project सञ्चालन गर्दैछ । मलाई आशा छ आगामी दिनहरुमा वाणिज्य क्षेत्रको भ्रष्टाचार विरुद्ध कुरा उठ्लान् । व्यापार, वाणिज्य र औद्योगिक क्षेत्रमा सरकारको नीति कार्यानयवनको तहमा हुने भ्रष्टाचार यस क्षेत्रको विकासमा बाधक तत्वको रुपमा रहेको छ । भ्रष्टाचारले खुला आर्थिक प्रतिस्पर्धाको बाधक बनि आर्थिक आतंकवाद निमत्याउँदछ । भ्रष्टाचार विरुद्धका गतिविधिहरुमा निजि क्षेत्रको हालसम्म सहभागिता रहेकोछैन । वाणिज्य क्षेत्रको भ्रष्टाचार नियन्त्रणकालागि Business Code या Conduct को निर्माण गर्नुपर्दछ । भ्रष्टाचार नियन्त्रण गर्न व्यापारिक क्षेत्र र सरकारले हातेमालो गर्नुपर्दछ । कार्यमुलक अनुसन्धान, मुख्य साझेदार बीचमा अन्तरक्रिया, पारदर्शिता र जवाफदेही नीति र प्रक्रियाका लागि Lobbying गरिनुपर्दछ । Public Awareness Campaigns गरिनुपर्दछ । भ्रष्टाचार विरुद्ध प्रकाशन, सुचना तथा तालिम र गोष्ठीहरु गरिनुपर्दछ ।

धनप्रसाद पण्डित : (लेक्चरर, पद्मकन्या क्याम्पस) :

संसद हुँदा जनताका प्रतिनिधि भएको बेला गल्ती कमजोरी सच्याउन सकिने अवस्था थियो । तर, राजाले गल्ती गरे सच्याउँने ठाउँ हुँदैन । त्यसकारण प्रजातन्त्रमा नै गल्ती सच्याउने र भ्रष्टाचार रोक्न सकिन्छ । हामीले सांसद पेन्सन सुविधा वृद्धिका कुराको विरोध गऱ्यौं । पछि त्यसलाई संसदले २/३ वर्ष पछाडि सच्यायो । आर्थिक विकास नै भ्रष्टाचार नियन्त्रणको साधन मानिएको कुरा नुतन थपलियाको कार्यपत्रमा उल्लेख छ । तर, कोरियाको आर्थिक स्थिति १९५९ मा जर्जर थियो । कोरियाका तत्कालिन राष्ट्रपति पार्क चुन हिको १८ वर्षे शासनकालमा आर्थिक उन्नति गऱ्यौं । तर पछि उनलाई भ्रष्टाचारकै कारण मृत्युदण्ड दिइयो । नो ते उ र चुन्दु ह्वाङ्ग आदि The Most Corrupt Political Leader का रुपमा परिचित छन् । हामी संसद/मन्त्रीको Pajero को कुरा गर्दछौं । तर, गैर सरकारी संस्था, वालहित, महिला, दलित कमैयाको मुक्तिका लागि काम गर्ने हरुले पजेरो कुदाएको र महल ठड्याएको हेर्दैनौं । गैर

सरकारी क्षेत्रमा भएको भ्रष्टाचारबारे बोल्नुपर्दछ । बहृत सामाजिक सुरक्षा प्याकेज हुनुपर्दछ । थप आर्थिक विकास हुनुपर्दछ । भ्रष्टाचार नियन्त्रणका लागि मनौवैज्ञानिक प्रयास पनि हुनुपर्दछ ।

डा.टिका पोखरेल : (अर्थविद तथा पूर्व सदस्यसचिव, समाज कल्याण परिषद) :

भुर्तेलजीको कार्यपत्र Professional हिसाबबाट लेखिएकोछ । अत्यन्त व्यवसायिक रुपमा लेख्नुभएको छ । क्लीष्टता रहेकाछन, त्यसलाई हटाउनु पर्दछ । भाषामा सरलता भए राम्रो हुन्थ्यो । केही सुधारका आवश्यकता रहेको छ । उहाँले कार्यपत्रमा केहि सैद्धान्तिक विवाद खडा गर्नुभएकोछ । पूजीँवादी व्यवस्थाले भ्रष्टाचार निम्त्याउँछ भन्ने कुरामा म सहमत छैन । पूजीँवाद भनेको त्यो व्यवस्था हो जसमा अर्थतन्त्रमा राजयको नियन्त्रण हुँदैन । यस व्यवस्थामा राज्यले Regulatory र Control Mechanism लाई मात्र हेर्दछ । शान्ति सुरक्षा गर्न, Law and Order Situation बनाई राख्दछ । संसारमा Pure Capitalism कहि पनि छैन । Pure Capitalism भए त्यसबाट ७० प्रतिशत समस्या आफैँ हराएर जान्छ । हालको कुनै अर्थ व्यवस्था Pure Capitalism होइन । एकाधिकारवादी वा Pure Monopoly मा एक खालको भ्रष्टाचार हुन्छ । Multinational Corporation ले नीतिगत Corruption and Legal Corruption जस्तो VDIS आदि गराउन सघाउँछन् । यी Pure Monopolistic System ले ल्याउँछ । Corruption जहाँ पनि छ । Corruption को Degree मात्र फरक छ । Corruption check गर्न व्यक्तिको Morality ले मात्र नियन्त्रण गर्न सक्छ । Morality बढाउन हाम्रो शैक्षिक, सामाजिक, नागरिक शिक्षामा जोड दिनुपर्दछ । त्यो पक्ष कार्यपत्रमा Reflect भएको छैन । हाम्रा कतिपय यस्ता कानुनहरु छन् जसले भ्रष्टाचारलाई बढुवा दिइरहेका छन् । २१ औं शताब्दीमा आएर यस्ता कानुनले हुँदैन । भगवानसंग समेत प्रश्न गर्न पाइन्छ भने कुनै व्यक्तिलाई प्रश्न गर्न नपाउने हुन्छ ? कुनै मानिसबारे बोल्न नसकिए पनि अन्तरआतमाले त भ्रष्टाचारका विषयमा बोल्दछ । ती कानुन जसले भ्रष्टाचारमा प्रोत्साहित गर्दछ, त्यसलाई सुधार गर्नुपर्छ । Corruption रोक्न प्रजातन्त्रलाई संस्थागत गर्नुपर्छ ।

राधेश्याम अधिकारी (सांसद, राष्ट्रिय सभा, प्रतिनिधि, ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल) :

प्रजातन्त्रमा भ्रष्टाचार हुँदैन कसैले भन्न सक्दैन । तर, प्रजातन्त्र नै त्यस्तो व्यवस्था हो जसमा पारदर्शिता रहन्छ र जनताले सबै कुरा थाहा पाउँदछन् । त्यसबाट शासकलाई दबाब पर्दछ । विगत १२ वर्ष अगाडि भएका घटनाबारे जनताको आवाजले गर्दा नै पछिल्लो समयमा संसदको ध्यान भ्रष्टाचार तर्फ गयो । जसले गर्दा भ्रष्टाचार नियन्त्रण सम्बन्धी कानुन बन्यो । हिजो जसले ती विधेयकहरु संसदमा प्रस्तुत गर्‍यो आज तिनैले हिरासतको चिसो छिंडीमा बस्नु पर्‍यो । शक्ति सन्तुलनको सरकार चलिरहँदा कसैले पनि कुनै कुरामा औंला उठाउँछन् । आज शक्ति केन्द्रिकृत भइरहेकोछ । हाल ीषष्तभम न्यखभचलबलअभ को अवधारणा खलबलिएको छ । हाल यहाँ शक्ति सन्तुलनको स्थिति बिग्रिएकोछ । त्यसकारण कारवाहीमा प्रतिसोध र पूर्वाग्रह छ । अर्को तर्फ यसबाट शासकिय अनुसन्धान खलबलिएको छ । यसले आर्थिक अनुसन्धान खल्बलाउँछ । संवैधानिक परिषदको सिफारिस भ्रष्टाचार हो र यो कानुनको शासनको उल्लंघन हो । यसबाट चाकडी र भ्रष्टाचार प्रोत्साहित हुन्छ । विगत असोज १८ गते देखियता भ्रष्टाचारबारे किन लेखिएको छैन । त्यसतर्फ ध्यान जानु पर्दछ । किनभने त्यहाँ ढाकछोप हुन्छ । भ्रष्टाचारको कुरा गरे राजकाज मुद्दा लाग्छ । जतिबढि बन्द संरचना हुन्छ त्यति नै बढी भ्रष्टाचार हुन्छ । आज न्यायपालिका जो कानुनको व्याख्याता र संरक्षक हो त्यसको भूमिका खुम्चिएकोछ । बन्दी प्रत्यक्षीकरण रिटको लिष्ट बढेकोछ । आर्थिक अनुशासनका दृष्टिकोणले मात्र भ्रष्टाचार नहेरौं । सम्पत्तिको श्रोत आफैँले खुलाउनुपर्दछ । सम्पत्ति श्रोत पारदर्शि भएमा मात्र राम्रो हुन्छ । इमान्दार व्यक्तिले कमाएको सम्पत्तिको विवरण दिनुपर्दछ । अख्तियारको

हालको कारवाहीले एउटा कुरा राम्रो गरेको छ
त्यो के भने जस्तै शक्तिशाली भएपनि कारवाही हुनेरहेछ । म भन्दा शक्तिशाली पनि निकाय रहेछ भन्ने हुन्छ । दण्डहिनता हुँदैन रहेछ भन्ने प्रमाणका रुपमा आएकोछ । अख्तियारको कारवाही अदृश्य शक्तिको गोटी रुपमा भयो भने राज्य निकायमा आस्था हुँदैन । यस्ता संस्थाप्रति जनताको नकारात्मक धारणा बन्दछ । कुनै पनि कारवाही कानुनको शासन (Rule of Law) र विधि अनुसार हुनुपर्दछ । हाल मुलुक Absolutism तर्फ अगाडि बढेको छ । त्यो दुर्भाग्यपूर्ण छ । एक कुरा सत्य के हो भने एकाधिकारवादी सत्तामा भ्रष्टाचार अदृश्य हुन्छ र त्यसको घनत्व हुँदैन ।

विनोद जोशी (लेक्चरर, अर्थशास्त्र, पद्मकन्या क्याम्पस) :

Macro Economists ले capital एकै ठाउँमा Accumulate नहोस् भन्ने चाहेका हुन्छन् । Capital Circulation भइरहोस् । जसले गर्दा Money को Circulation भईरहन्छ । Money लाई प्वाँख जस्तो बनाउनुपर्दछ । कुनै पद नपाउनेले त्यो पाउनुपर्छ भनेर दाबी गर्नु पनि भ्रष्टाचार हो । नैतिक शिक्षामा जोड दिने र धर्ममा पनि जोड दिनुपर्दछ । जरैदेखि भ्रष्टाचारबारे सोच्नुपर्दछ । भ्रष्टाचार हाम्रो संस्कार नै भएकोछ । जो कमायो त्यो भ्रष्टाचारी नै भए पनि ठूलो ठानिन्छ । Comprehensive Social Security System लागु गर्नुपर्दछ । जसबाट न्यूनतम आधारभूत आवश्यकताहरु परिपूर्ति भएमा भ्रष्टाचार रोकिन सक्दछ । तर त्यो व्यवहारिक र व्यक्तिको Social Status अनुसार बनाइनुपर्दछ । Restrictive Means साथ साथै प्रतिरोधात्मक Measures मा पनि जोड दिइनुपर्दछ । Corporate Sector मा भ्रष्टाचार रहेकोछ त्यता पनि ध्यान दिनुपर्छ । आशावादी दृष्टिकोण हुनुपर्दथ्यो अलिक निराशावादी जसे देखियो कार्यपत्रहरुमा ।

# “नेपालमा राजनीतिक भ्रष्टाचारः अन्तरविषयगत अवधारणा”

# “Political Corruption In Nepal : an Interdisciplinary Concept”

- भीमप्रसाद भुर्तेल
प्रजातन्त्र कार्यक्रम संयोजक
मानव अधिकार तथा प्रजातान्त्रिक मञ्च

## पृष्ठभूमि (Background)

भ्रष्टाचार एक सार्वभौम प्रघटना हो । भ्रष्टाचारको विषयमा पश्चिमी मुलुकका विश्वविद्यालय र अनुसंन्धान संस्थाहरुमा प्रशस्त अन्तरविषयगत अध्ययन/अनुसन्धान र विश्लेषण भएका छन् । कतिपय विश्वविद्यालयले त यसलाई अध्ययन अध्यापनको मूल विषय नै बनाएका छन् । भ्रष्टाचार विषयक सन्दर्भ सामग्री पनि एक हजारभन्दा धेरै पाइन्छ । भ्रष्टाचार र राजनीतिकशास्त्र, भ्रष्टाचार र इतिहास, भ्रष्टाचार र अर्थशास्त्र, भ्रष्टाचार र भूगोल, भ्रष्टाचार र धर्मशास्त्र, भ्रष्टाचार र दर्शनशास्त्र, भ्रष्टचार र नीतिशास्त्र, भ्रष्टाचार र जनप्रशासन, भ्रष्टाचार र राजनीतिकदलशास्त्र (stateciology) र भ्रष्टाचार र कानुन आदि विषयमा गहन अध्ययन, चिन्तन, सैदान्तीकरण एवं अवधारणीकरण भएको छ । भ्रष्टाचार माथि सामाजिक समस्या, श्वेत अपराध, सांस्कृतिक उत्पादन (Cultural Product) र राजनीतिक समस्याका रुपमा प्रशस्त अध्ययन भएको छ ।

धर्मले पाप मानेको भ्रष्टाचारलाई नेपालमा पनि अपराधको रुपमा लिइन्छ । यसलाई समस्याको रुपमा हेरिए पनि नेपालमा यस विषयमा अध्ययन, अनुसन्धान र सैद्धान्तीकरण भएको त्यति उदाहरण छैन । प्रस्तुत दस्तावेज मूलतः नेपालको राजनीतिक भ्रष्टाचारको विषयमा एक विस्तृत (comprehensive), विश्लेषणात्मक (Analytical)

समालोचनात्मक (critical) र विश्वकोषीय (Encyclopedic) हुनेछ भन्ने बिश्वास लिइएको छ । यो दस्तावेज नेपालको राजनीतिक भ्रष्टाचारलाई विश्लेषण, सैदान्तीकरण र अनुसंन्धान गर्ने अवस्था सिर्जना गर्न सहयोगी हुनेछ । भ्रष्टाचार सत्ता सगै जन्मिएको हो । प्राचीन ग्रिक, मिश्र वेविलोन आदिमा भ्रष्टाचार व्यापक थियो । भ्रष्टाचारकै कारण प्लेटोले सम्पत्ति र स्वास्नीको साम्यवादको कल्पना गरेका थिए । हिन्दु पुराणमा भ्रष्टाचारलाई पापसंग तुलना गरिएको छ । यमराजले भ्रष्टाचार गर्नेलाई कडा दण्ड दिने उल्लेख भएको पाइन्छ । कौटिल्य र मनुको समयमा पनि राष्ट्रिय स्रोतको दुरुपयोग हुन्थयो । उनीहरुले राष्ट्रिय ढुकुटीको सदुपयोगमा जोड दिएका थिए । पाँचौं शताब्दीको ग्रीकमा सरकारी बैठक गर्न अधिकारीहरुलाई घुस दिनुपर्‍यो । छैठौं शताब्दीको इटलीमा सरकारी अधिकारी हुन, न्याय सेवामा जान र वढुवाको लागि घुस खुवाउने चलन थियो । मध्य युगिन युरोप र वेलायतमा भ्रष्टाचार व्यापक थियो । आज भ्रष्टाचार संसारका धेरै देशमा सरकार बन्ने र ढल्ने कारण वा चुनावी मुद्दा हुने गरेकोछ ।

## अवधारणीकरण (Conceptualization of Corruption)

भ्रष्टाचारको परिभाषा आफैमा एक कठिन कार्य हो । विद्वानहरुको यस विषयमा फरक, फरक धारणा रहेको छ । भ्रष्टाचार वृहतर, अस्पष्ट र व्यक्तिको व्याख्या एवं संस्कृतिमा निर्भर गर्ने शव्दावली हो । बृहत नेपाली शब्दकोषले भ्रष्टाचारलाई “पतित आचरण, दूषित मर्यादा, नियम वा कानुन विरुद्ध नैतक पतन हुने काम गरी वा धुसखाई पक्षपात पूर्ण निर्णय र व्यवहार गर्ने कार्य : भ्रष्ट मनशाय वा धुसखोरी” भनी परिभाषित गरेको छ । ‘अक्सफोर्ड एडभान्स लर्नर’ शब्दकोषमा भ्रष्टाचारलाई “यौन व्यवहार, इमान्दारी र सदाचार आदिबाट : अनैतिक, घुसखोरी र नैतिक स्खलन हुने कार्य” भन्ने परिभाषा गरिएको छ । वेवस्टर्श शब्दकोषमा भ्रष्टाचारको परिभाषा अलिक विस्तृत छ । “एकता, सद्गुण र नैतिक मूल्यको क्षयीकरण, उच्चवर्गको यौन विलाशिता, राजनीतिज्ञ वा राज्यका अधिकारीलाई घुस वा अनुपयुक्त माध्यमबाट उसको उत्तरदायित्व, कानुन र नियमको वर्खीलाप गराउने र गर्ने” कार्य भनि परिभाषित गरिएको छ । ‘इन्साइक्लोपेडिया अफ् ब्रिटानिका’मा दुईवटा कार्यलाई भ्रष्टाचार मानिएको छ । एउटा चुनावको क्रममा गरिने तमाम प्रकारका गैर कानुनी कार्यहरु जस्तै धाँधली, मतदाता सूचीमा अनुचित प्रभाव, गलत मतदान र अन्य मूल्य मान्यता तथा अभ्यासभन्दा तल ओर्लेर गरिने कार्यहरु र अर्को सार्वजनिक अधिकारीले व्यक्तिगत फाइदाको लागि पदको दुरुपयोगलाई भ्रष्टाचार भनिएको छ । त्यस्तै ‘इन्साइक्लोपेडिया अफ् अमेरिकाना’मा पनि चुनावी अनियमितताहरु र सार्वजनिक अधिकारीले व्यक्तिगत उद्देश्यका लागि सार्वजनिक साधनको उपयोग गर्नेकार्यलाई भ्रष्टाचार भनिएको छ । ‘म्याकमिलन इन्टरनेशनल इन्साइकलोपेडिया अफ सोसल साइन्स’मा “राजनीतिक भ्रष्टाचार भनेको सार्वजनिक वा राजकिय शक्तिको व्यक्तिगत हितमा जस्तै सम्पति, प्रतिष्ठा र शक्तिको लागि दुरुपयोग” हो भनिएको छ ।

भ्रष्टाचारको पश्चिमी वंशावली (Western genealogy) हेर्ने हो भने यसको अर्थ र परिभाषामा आम रुपमा संकुचन आएको पाउँदछौं । प्राचीन ग्रिकमा सत्ताको आडमा सार्वजनिक सम्पत्ति नातागोता र आफ्ना मान्छेमा मात्र उपयोग गर्ने प्रवृत्ति, सार्वजनिक मर्यादा खलल गर्ने कार्य तथा समाजले वेश्यावृति गर्ने छुट दिएका महिला वाहेकसंग यौन संर्सग जस्ता सार्वजनिक अधिकारीले गरेको कार्यलाई भ्रष्टाचार भनिन्थ्यो । सन १६ औं र १७ औं शताब्दीमा भ्रष्टाचार भनेको सार्वजनिक वा सरकारी ढुकुटीको व्यक्तिगत प्रयोग र विवाहपूर्वका यौन संसर्ग (Pre-marital sex) र विवाहपछिको यौन संसर्ग (Extra marital sex) मा संलग्न व्यक्तिहरुलाई भ्रष्ट भनिन्थ्यो । अठ्ठारौं शताब्दीमा भ्रष्टाचार बारेको दृष्टिकोणमा महत्वपूर्ण परिवर्तन आयो । यो वास्तवमा युरोपमा आएको पुर्नजागरण, पूंजीवादको तिब्र विकास, प्रजातन्त्रको अभ्यास र अमेरिकी स्वतन्त्रताको परिणती थियो । त्यस बेला समाजको स्थापित अभ्यास र मानकस्तरभन्दा तल झर्ने प्रवृति देखिएकोले यसको परिभाषामा पनि परिवर्तन आएको हुनुपर्दछ । यस समयमा “सार्वजनिक सम्पत्तिको व्यक्तिगत प्रयोग र निर्वाचनमा गरिने तमाम अनियमिततालाई मान्न थालियो । यौन सम्बन्धी भ्रष्टाचारको धारणामा भने भिन्न परिवर्तन आयो । बिसौं शताब्दीको अन्त्यतिर भ्रष्टाचारलाई एकदमै संकुचित रुपमा प्रयोग गरेको पाईन्छ । वास्तवमा सार्वजनिक पद वा शक्तिलाई व्यक्तिगत हितमा प्रयोग गर्ने कार्य मात्र भ्रष्टाचार हो भन्ने मान्यता स्थापित भएको छ ।

यस सम्बन्धमा केही पश्चिमी विद्वानका परिभाषा र अर्थहरुलाई हेरौं । **आर्नोल्ड जे. हाइडेनहाइभर**ले भनेका छन- “भ्रष्टाचार भनेको त्यो व्यवहार हो जसमा सार्वजनिक शक्ति र अधिकारको उपयोग नीजि फाइदाका लागि गरिन्छ” । त्यस्तैगरी **जोसेप सि. नाईले** “निर्वाचित वा नियुक्त अधिकारीले सार्वजनिक भूमिका र औपचारिक उत्तरदायित्वबाट सम्पत्ति र प्रस्थिति (Status) को व्यक्तिगत फाइदा आफ्ना मानिसहरुलाई मात्र पुर्‍याउनु भ्रष्टाचारजन्य व्यवहार हो” भनेका छन् । यो परिभाषाले कानुन नियम र आंचार संहिताको उल्लंघन भ्रष्टाचार हो भन्ने जनाउँदछ । वास्तवमा कानुन नियम र आचार संहिताले सार्वजनिक अधिकारीलाई नियमित गर्दछ । यहि नियमितताको उल्लघन नै भ्रष्टाचार हो भन्ने उनीहरुको ठहर छ । **वटी रुण्डकोइस्ट र सुसन हेन्सले** भ्रष्टाचारलाई अलिक फरक ढङ्गले परिभाषित गरेका छन् । “राजनीतिक कार्य त्यतिवेला भ्रष्टाचार कहलाउछ, जतिवेला त्यसलाई गैर कानुनी, अर्मयादित र आचार संहिताभन्दा बाहिर छ भनेर जनमतले भन्दछ ।” **आर्डोल्ड रोगोव र हारौल्ड लासवेलले** “सार्वजनिक हितको उल्लङ्घन नै भ्रष्टाचार हो” भनेका छन । **सुसन रोज एकरम्यानले** “प्रजातान्त्रिक राज्य प्रणालीबाट सिमित अर्थराजनीतिक स्रोतसाधनलाई गैर कानुनी रुपले गलत बजार सयन्त्रमा पुर्‍याउने कार्यलाई भ्रष्टाचार भन्दछन्” भनेका छन् । **एस. एल. लिपसेट र जि. एस. लेन्जले** “भ्रष्टाचार राजनीति वा राज्यमा विद्यमान छ, जसमा गैर कानुनी साधनले शक्ति वा सम्पत्ति आर्जन गर्न खोजिन्छ : सार्वजनिक मूल्यमा नीजि लाभ” भनेर परिभाषित गरेका छन् ।

यी परिभाषाको विश्लेषणबाट के निष्कर्षमा पुग्न सकिन्छ भने राजनीतिक भ्रष्टाचार भनेको एउटा सार्वभौम प्रघटना हो । यस सम्बन्धी धारणामा नाटकीय परिवर्तन आएको छ । पहिले यसलाई नैतिक स्खलन (Moral Erosion), असामान्य (Uncommon), पृष्ठक्षेत्रिय(Peripheral), विपथगामी (Deviant) र अस्थायी मानिन्थ्यो भने हाल सामान्य, गहिरो र समाजिक संस्कृति (Deep Rooted Socio-Culturally) रुपले विकसित र स्थायी मानिन्छ । भ्रष्टाचार शब्दावली यस्तो अन्तर विषयगत फुटवल हो जसमा समाजशास्त्री, मानवशास्त्री, अर्थशास्त्री, राजनीतिकशास्त्री, धर्मशास्त्री दर्शनशास्त्री, इतिहासकार, भूगोलविद्, कानुनवेत्ता र जनप्रशासनविद्हरु मैदानको एक छेउबाट अर्को छेउ पुग्ने गरि हिर्काउदछन । प्रत्येक हिर्काइमा नयाँपन, तीब्रता, नयाँ शक्ति र गति रहेको हुन्छ । अर्थात् आ-आफ्नो विषय अनुसार यसको परिभाषा गर्न खोजिएको हुन्छ । नेपाल अधिराज्यको भ्रष्टाचार सम्वन्धी कानुनमा 'ऐनले भ्रष्टाचार भनेर तोकिएको कार्यलाई बुझ्नुपर्दछ' भनिएको छ । अख्तियार ऐन २०५८ र भ्रष्टाचार निवारण ऐन यसको परिभाषा गर्ने प्रमुख कानुन हुन । भ्रष्टाचार भन्नाले निम्न कुरा जनाउछ :

कुनै पनि निर्वाचित, मनोनित वा विषेशाधिकार प्राप्त सार्वजनिक अधिकारीले निम्न कार्य गरे वा गराउने कार्य भ्रष्टाचार कहँलाउदछ- सार्वजनिक सम्पत्ति नीजि हितमा प्रयोग गरेमा (Private Profit at Public Cost), सार्वजनिक मर्यादा, कानुन, नियम र संहिता भङ्ग गरेमा, पद, प्रतिष्ठा, पुरस्कार, प्रस्थिति आफूलाई वा आफ्ना नातेदार वा आफ्नो पक्षको मानिसलाई मात्र उपलब्ध गराउने उद्योग गरेमा, सार्वजनिक अधिकारीलाई नियमित गर्ने सार्वजनिक कानुनको उलङ्घन गरेमा,राज्यको सीमित र बहुमूल्य साधन र स्रोतको बाडफाट गर्दा दुरुपयोग हुने गरी गरेमा वा सार्वजनिक मर्यादामा खलल र मानकस्तरको आचार संहिता भङ्ग गरेमा ।

यसकारण भ्रष्टाचारले वृहतर क्षेत्र ओगटदछ । यसले नीतिशास्त्र, धर्मशास्त्र, नैतिकता, सदाचार, जनप्रशासन, अर्थशास्त्र, समाजशास्त्र,मानवशास्त्र कानुन आदिका दृष्टिकोणका आधारमा परिभाषा, अर्थ र क्षेत्रलाई निर्धारण गर्दछ ।

### भ्रष्टाचारको कारणहरु (Causes of corruption):

पश्चिमी देशका अध्येताहरुले भ्रष्टाचारको कारणबारे महत्वपूर्ण सैद्धान्तिक र अवधारणागत मान्यता स्थापित गरेकाछन् । पश्चिमी समाजिक वैज्ञानिकहरु जस्तै राजनीतिशास्त्री, समाजशास्त्री, मानवशास्त्री, अर्थशास्त्री, भूगोलविद्, जनप्रशासनविद्हरुले विषयगत दृष्टान्त अनुसार भ्रष्टाचारको सैदान्तीकरण गरेको पाइन्छ । भ्रष्टाचारको कारण सम्बन्धी अध्ययनको निर्देशन (Paradigm) धेरै हदसम्म विकसित छ । हामी कहाँ यस बारे खासै चर्चा र वहस नभएकाले भ्रष्टाचारको उत्पति, विकासको निर्धारक तत्वहरु, गतिशिलता र परिणामका बारे शोध, अनुसन्धान तथा दस्तावेजीकरणको खाँचो छ । मानिसलाई भ्रष्टाचार प्रति अभिप्रेरित गर्ने वास्तवीक कारण बारे गहन चिन्तन अति आवश्यकछ । भ्रष्टाचारको कारणबारे केही पश्चिमी सिद्धान्तहरुको संक्षिप्त चर्चा यस खण्डमा गरिने छ ।

### साधन साध्य योजना (Means - Ends Schema):

साधन साध्य योजना भ्रष्टाचार सम्वन्धी महत्वपूर्ण समाजशास्त्रीय दृष्टिकोण हो । समाजशास्त्रीय प्रकार्यवादी दृष्टिकोण (Sociological Factionalist Perspective) समाजशास्त्रको जन्म र विकासमा महत्वपूर्ण कदम हो । फ्रान्सेली समाजशास्त्री **इमाएल दुःर्खिम**द्वारा प्रतिपादित यस सिद्धान्तलाई अमेरिकी समाजशास्त्री **रोर्वट के. मरटोन**ले परिस्कृत गर्दै भ्रष्टाचारबारे यो दृष्टिकोण तयार गरेकाहुन् । यस दृष्टिकोणले भ्रष्टाचारलाई मूल्य, मान्यता र नैतिकताको मानकस्तरको उल्लङ्घन गर्न उत्प्रेरित सामाजिक व्यवहार मान्दछन् । समाजलाई चलाई राख्न सामाजिक सांस्कृतिक उद्देश्य (Cultural Goals) स्थापित गरिएको हुन्छ र त्यसलाई प्राप्त गर्ने संस्थागत साधन (Institutional Means) परिभाषित गरिएको हुन्छ । मानिसका पाँचवटा अनुकूलनताका अवस्था हुन्छन् जसलाई तलको टेवुलले स्पष्ट गर्दछ ।

| क्र. सं. | अनुमूलनताको अवस्था | सांस्कृति/सामाजिक उद्देश्य | संस्थागत साधन |
|---|---|---|---|
| १. | निश्चयवादी | + | + |
| २. | नवपरिवर्तनवादी | + | - |
| ३. | आचरणवादी | - | + |
| ४. | एकान्तवादी | - | - |
| ५. | विद्रोही | ± | ± |

यहाँ +ले व्यक्तिले सांस्कृतिक उदेश्य र प्राप्तीको साधन स्वीकार गर्ने, - ले अस्विकार गर्ने र ± विद्यमानलाई अस्वीकार गर्ने र नयाँ निर्माण गर्ने जनाउँदछ । समाजशास्त्री **मरटोन**को तर्क अनुसार मानिस उद्देश्यमूलक जीवन जिउन चाहान्छ । संस्कार, समाज र व्यक्ति अनुसार यसमा केहि भिन्नता हुनसक्छ । पहिलो अनुकुलनताले समाजको सांस्कृतिक/सामाजिक उद्देश्य र संस्थागत साधन दुबैलाई स्वीकार गर्छ । उदाहरणको लागि धनी वन्नु उद्देश्य भएमा त्यसलाई प्राप्त गर्ने वैधानिक साधन व्यापार, उद्योग र लगानी आदि बाट धन कमाउदछ । दोस्रो अनुकुलनता नवपरिवर्तनवादीमा व्यक्ति सामाजिक सांस्कृतिक उद्देश्यलाई मान्छ तर त्यसलाई प्राप्त गर्ने संस्थागत साधनलाई मान्दैन । उ चोरी डकैती, धुसखोरी र भ्रष्टाचार प्रति उदद्यत हुन्छ । जब भौतिक सम्बृद्धिलाई सामाजिक सांस्कृतिक उद्देश्य

बनाइन्छ तव मानिस धनको खोजीमा रहन्छ । उसले मूल्यमान्यता र संस्थागत साधनको उल्लङ्घन गर्न थाल्छ । समाज वन्द अवस्थाबाट खुल्ला (Open) समाजमा परिवर्तन हुँदा प्राप्ति अभिमुखीकरण (Achievement orientation) को विकास हुन्छ । जब समाज बन्द संरचनाबाट खुल्ला संरचनामा परिवर्तित हुँदा त्यसवेला समाजमा बन्द अभिभूखीकरण (Ascription orientation) बाट प्राप्ति अभिमुखीकरण (achievement orientation) या परिवर्तित हुन्छ त्यस संक्रमणकालीन अवस्थामा भ्रष्टाचार चरम हुन्छ । यसबेला साधन (Means) सिमीत र साध्य (Ends) असीमित हुन्छन्, त्यसको परिणाम स्वरुप समाजमा भ्रष्टाचार बढ्दछ ।

**नैतिकहिनता प्रबृत पारिवारवादी दृष्टिकोण (Amoral familist Perspective):**

यस सम्प्रदायले भ्रष्टाचारको कारण बारे राजनीतिशास्त्रीय दृष्टिकोणबाट विश्लेषण गर्दछ । यो प्लेटोको विचारधाराबाट प्रभावित रहेकोछ । **प्लेटो**ले आफ्नो समयमा ग्रिकमा विधमान चरम भ्रष्टाचार देखेर परिवारको साम्यवाद (Communism of family) र सम्पत्तिको साम्यवाद (Communism of property) को अवधारणा अगाडि ल्याएका थिए । त्यसलाई राजनीतिकशास्त्री, **इडवर्ड वेनफिल्डले** नैतिकहिनता प्रवृति परिवादवाद (Amoral femilism) भनेर परिष्कृत गरे । यस सम्प्रदायले नातावाद (Nepotism) कृपावाद (Favourism) भ्रष्टाचारको प्रमुख कारक तत्व भनेका छन् । परिवार, आफ्नो मान्छे, आफ्ना सम्प्रदायको मान्छे वा आफ्ना विचारको पछिलाग्ने मानिसको घेराको कारण सार्वजनिक अधिकारी वा राज्य संचालक जानाजान वा अन्जानमा भ्रष्टाचार तर्फ प्रबृत हुन्छ । यसमा महत्वपूर्ण सार्वजनिक पदमा आफ्नो मान्छेलाई नियुक्त गर्ने र आफ्नो मान्छे प्रति वाध्यात्मक रुपमा कृपा गर्नुपर्ने कारणले समाजमा भ्रष्टाचार जन्मन्छ र आफ्नो मान्छेलाई बचाउन खोजिन्छ र दण्डहिनता बढदछ । यो नेपालमा पनि अक्षरस लागू हुन्छ । पचासौ बर्ष प्रजातन्त्रको लागी जीवन अप्रेका राजनेता छोरालाई राजदुत, छोरीको लागि कमिशन र पार्टीको लागि रकम जम्मा गर्न भनेर भ्रष्टाचार र विपथगमनको शिकार भएका छन । **प्रा. डोर ब. विष्ट**ले पनि चाकरी, आफ्नो मान्छे, भाग्यवाद नेपालको विकास प्रयासको बाधक (Obstacle) को रुपमा मान्नु भएको छ । आफ्नो मान्छे र चाकरीले नेपालमा भ्रष्टाचारलाई संस्थागत गरेको छ । आफ्नो मान्छे, आफ्नो वर्ग वा पार्टीको मान्छे भनेर भ्रष्टाचारलाई प्रशय दिने गरिन्छ । **डोर ब. विष्ट र वेनफिल्ड**को तर्क वीच विवाह गरिदिएर भ्रष्टाचार सम्बन्धी राम्रो नेपाली मौलिक चिन्तनको विकास गर्न सकिने सम्भावना देखिन्छ ।

**सामाजिक जीवशास्त्रीय दृष्टिकोण (Sociobiological perspactive):**

यो दृष्टिकोण जीवशास्त्रको सिद्धान्तमा आधारित छ । प्रकृति-संस्कृति(Nature vs Culture) विवादको उपजका रुपमा यो विकसित भएको हो । सन १९७५ मा **एडवार्ड ओ विल्सन**ले सोसियोवायोलोजी : अ न्यू सेन्थेसिस" भन्ने पुस्तक लेखेका छन् । त्यस पुस्तकमा **विल्सनले** मानिसले वच्चा जन्माउने कुरा आफ्नो 'जिन सुगठन अधिकीकरण' (Gene Fitness Maximization) हो भनेकाछन् । यसमा जसले 'जिन सुगठन अधिकीकरण' गर्न सक्छ ऊ प्रकृतिमा बाँच्ने संघर्षमा सफल हुन्छ भन्ने उल्लेख छ । यसो गर्नका लागि मानिस सुविधा र सम्बृद्धिको पछाडि दौडिन्छ जसले आफ्ना सन्ततिको भविश्य सुनिश्चित गर्दछ । यो नै उसको 'जिन सुगठन अधिकीकरण' हो । यस होडमा मानिस भ्रष्टाचार र व्यविचार गर्दछ जसले धन दौलतको अधिकाधिक संचिति गर्न सकियोस र आफ्नो संन्ततिको भविस्य राम्रो होस । त्यसकारण भ्रष्टाचार भन्ने कुरा जिनबाटै निर्धारण हुने कुरा हो । यस विषयमा 'स्वार्थी जिन' (Selfish Gene) भन्ने सिद्धान्त प्रतिपादित छ । यसले आफ्नो 'जिन पोखरी अधिकीकरण'(Gene pool Maximization) गर्न नातावादको जन्म हुन्छ भनिएको छ । परिवारको सुरक्षा गर्न जिनले नै प्रोत्साहित गर्छ र यसैको कारण भ्रष्टाचार गर्न मानिस अभिप्रेरित हुन्छ । त्यसकारण यस सम्प्रदायले जिनलाई भ्रष्टाचारको कारक तत्वको रुपमा लिन्छ । पश्चिमी विश्वमा यो दृष्टिकोणको व्यापक आलोचना भएको छ । यस विषयमा थप अनुसंधान र वहस हुन बाँकी नै छ । तर, वास्तवमा आफ्नो सन्ततिको भविष्यको लागि मानिस भ्रष्टाचार गर्छ भन्ने तर्कलाई नर्कान सकिदैन जुन 'जिन सुगठन अधिकीकरण' सिद्वान्तको प्रमुख तर्क हो ।

**नवउदारवादी दृष्टिकोण (Neo-Liberal Perspective) :**

यस दृष्टिकोणले तेस्रो विश्वको भ्रष्टाचारलाई मात्र सम्बोधन गर्दछ । यस सम्प्रदायले तेस्रो विश्वको देशहरुमा भ्रष्टाचार र राजनीतिक अस्थिरता विकासको सबैभन्दा महत्वपूर्ण वाधकको रुपमा व्याख्या गर्दछन् । प्राज्ञिक जगतमा विकास भएको 'नवशास्त्रीय प्रतिक्रान्तिकारी सिद्धान्त' (Neo Classical Counter Revolutionary Theory) तथा राजनीतिक जगतमा **रेगन** प्रशासन र **थ्याचर**को वोलबालाको समयमा जन्मिएको नवउदारवादी दृष्टिकोणले नयाँ कुरा निश्चित गरेको छ : त्यो हो तेस्रो विश्वका सरकारहरु विकासका प्रमुख शत्रु र भ्रष्टाचारको प्रमूख स्रोत हुन् । अर्थतन्त्रमा जति धेरै सरकारी हस्तक्षेप रहन्छ, त्यति नै राजनीतिक नेतृत्व र नोकरशाहीतन्त्र भ्रष्ट, खराव, अपारदर्शी र जवाफदेयिता विहीन हुन्छ । जसको कारण अर्थतन्त्रमा माग र आपूर्ति वीचमा असन्तुलनको स्थिति पैदा हुन्छ । भ्रष्टाचारले स्रोतको गैरकानुनी विनियोजनलाई प्रोत्साहित गर्दछ । सरकारले बजेट विनियोजन यस्तो तरिकाले गर्दछन जहाँ भ्रष्टाचार गर्न सजिलो होस । ठूला परियोजनामा यसै कारण राजनीतिक नेतृत्वले जोड दिएका हुन भन्ने यस सम्प्रदायको तर्क छ । त्यसकारण यस दृष्टिकोणले सरकार नै भ्रष्टाचारको कारण हो । यसैले राजनीतिकर्मी र नोकरशाहीतन्त्रलाई भ्रष्टाचार गर्न प्रोत्साहित गर्दछ ।

**समाजवादी दृष्टिकोण (Socialist perspective):**

समाजमा व्याप्त भ्रष्टाचारको मूल जड भनेको पूंजीवाद हो भन्ने तर्क यस दृष्टिकोणले राख्दछ । यस सिद्धान्तले हालका दिनमा बढदो भ्रष्टाचारलाई पूंजीवादले प्रोत्साहित गरेको नैतिक स्खलनको परिणतीको रुपमा व्याख्या गरिएको छ । अर्थराजनीतिक स्रोत साधन सीमित छ र पूंजीवादले यसको असमान वितरण गर्दछ । अर्को पूंजीवादले उपभोगतावादलाई जोडदिन्छ । उपभोगमा जोडदिएका कारण सीमित साधन व्यक्तिगत हितमा उपयोग गर्ने झुकाव रहन्छ । यसकारणले समाजमा भ्रष्टाचार बढ्दछ । सन् १९७६ पछि चीनमा व्यापक बनेको भ्रष्टाचार सन् १९९० पछि चरम तीव्रता आएको छ । सयौ व्यक्तिलाई मृत्युदण्ड दिइएको छ तर भ्रष्टाचार रोकिएको छैन । चीनको केन्द्रीय सरकारको नीतिमा भ्रष्टाचार नियन्त्रण प्रमुख एजेन्डा हो । तर पनि सन् १९९८ मा ट्रान्सपरेन्सी इन्टरनेशनलको 'करप्शन परसेप्सन इन्डेक्स'मा ५२ औं स्थानमा रहेको चीन २००३ मा ७७ औं स्थानमा पुगेकोछ । त्यस्तै सोही प्रतिवेदनले रुसमा भ्रष्टाचार तीब्रत्तर रुपमा बढेको देखिएकोछ । समाजवादी संरचनाबाट पूंजीवाद तर्फ तीब्र रुपान्तरित हुँदा यो घटना बढेको समाजवादीहरुको तर्क छ । त्यसकारण यो सम्प्रदायको दावी पूंजीवाद र यसको सांस्कृतिक पक्ष भ्रष्टाचारको मूलजड हो भन्ने रहेको छ ।

नेपाली समाजमा व्याप्त भ्रष्टाचारको विश्लेषण गर्दा माथि उल्लेखित भ्रष्टाचारको सम्पूर्ण कारणहरु लागू हुने अवस्था छ । **मरटोन**को साधन साध्य योजना **वेनफिल्ड**को नैतिकहिनता प्रवृत परिवारवाद, सामाजिकजीवशास्त्रीय दृष्टिकोण, नवउदारवादी दृष्टिकोण र समाजवादी दृष्टिकोणका तमाम तर्क आंशिक सत्य (Partial truth) को रुपमा देखिन्छ । नेपाली समाजमा एक तर्फ सामन्तवादी चिन्तन, नातावाद, कृपावाद, भरियावाद र भाग्यवादले एक प्रकारको दिमागी संरचनावाद ( Brain Structuralism) जन्माएको छ । पूंजीवादी मोडलको प्रजातन्त्र र नवउदारवादी अर्थतन्त्रको अभिमुखीकरण पनि भ्रष्टाचार जन्माउने मुलकारण देखिन्छ ।

**नेपालमा राजनीतिक भ्रष्टाचार (Political Corruption in Nepal):**

नेपालमा केन्द्रिकृत राज्यसत्ताको निर्माणभन्दा अगाडि नै भ्रष्टाचार विद्यमान थियो । अंशुवर्माले राजा भएपछि भ्रष्ट महासामन्तहरु हटाएको इतिहास छ । जगतप्रकाश मल्लले आफ्नी रानीले भ्रष्टाचार गरेकोले दरवारबाट निकालिदिएको इतिहासमा उल्लेख छ । राजा पृथ्वीनारायण शाहले दिव्योपदेशमा भ्रष्टाचार र धुसखोरी वारे उल्लेख गरेका छन । शेरबहादुर शाहले रणबहादुर शाहलाई काटनुको कारण राज्यकोष अपचलन विवाद हो भन्ने उल्लेख कतै कतै पाइन्छ ।

जंङ्गवहादुर राणा नेपालको राजनीतिक भ्रष्टाचारका संस्थापक हुन भन्दा फरक पर्दैन । वेलायत यात्रामा जाँदा उनले **लुरा वेल** नामकी नामूद वेलायती वेश्यासंग एक रात विताए वापत राज्यको कोषबाट दुई लाख पचास हजार पाउण्ड तिरेका थिए । यो विश्वको छ वटा महङ्गो वेश्यागमन भित्र पर्दछ । त्यस्तै चेलीवेटी वेचविखनलाई राज्यको तर्फबाट संस्थागत गर्ने कार्य पनि जंगबहादुरले नै गरेकाहुन् भन्ने इतिहासमा बर्णन छ । आफूले उपयोग गरेका केटीहरु जंगबहादुर विदेश लगेर विक्री गर्दथे भन्ने अभिलेखहरु छन् । उनले थापाथली दरवारकी नैनशोभा नामकी केटी तिव्वतमा विक्री गर्न आफ्ना वकिललाई लेखको चिठी राष्ट्रिय अभिलेखालयमा सुरक्षित छ ।

जंगबहादुरका छोरा जितजंग बाबुको नामबाट भ्रष्टाचार गर्ने अर्को महत्वपूर्ण व्यक्ति हुन् । उनले आफ्नो नाममा युवराजाधिराजको छाप बनाएर काठमाडौं पूर्वका सबै राजनीतिक इकाईका प्रमुखलाई राजस्व वदलामा राम्रा राम्रा केटी ल्याउन परिपत्र गर्दथे भन्ने इतिहास छ । उनी राज्यसत्ताको शक्ति प्रयोग गर्ने जितजङ्ग राज्यसत्तामा रहेका व्यक्ति थिएनन् ।

वीरशमशेर सरकारी ढुकुटी विदेश पुरयाउने पहिलो व्यक्ति हुन् । कलकत्ता र पटनाको बैंकमा उनले २० गाडा सुनचाँदी र कम्पनीको वेलायती मुद्रा) राखेका थिए । त्यस वारे उनले कलकत्ता स्थित आवासीय प्रमुखलाई लेखेको पत्र राष्ट्रिय अभिलेखालयमा रहेको छ । चन्द्रशमशेरले आफ्नो नौ भाई छोरालाई नौ नौ करोड रुपैया राज्यको कोषबाट दिएका थिए । तर राणाहरु आफ्नो परिवार वाहेकले गरेको भ्रष्टाचारमा कडा कारवाही गर्दथे । राणाकालमा देशको ढुकुटीमा चरम ब्रह्मलुट भएको थियो ।

प्रजातन्त्र पछि भ्रष्टाचार विषयमा व्यापक चर्चा भएको छ । २००७ साल देखि २०१७ साल सम्म सबै सरकार परिवर्तनमा प्रमुख मुद्धा भ्रष्टाचार हुनेगर्दथ्यो । मातृकाप्रसाद कोइराला सरकारको पतन भ्रष्टाचारकै कारण भएको थियो । टंकप्रसाद आचार्यको मन्त्रीमण्डलका सदस्य भूपालमान सिंह कार्कीले धान चामल ढुवानी ठेक्कामा ठूलो भ्रष्टाचार गरेर अकूत सम्पत्ति कमाएको तथ्य भेटिन्छ ।

वि. पी. कोइरालालाई पनि झाँसे प्रकरणमा भ्रष्टाचार गरेको आरोप लागेको थियो । २०१७ सालको शाही कदममा वि. पि. माथि तेस्रो ठूलो र महत्वपूर्ण भ्रष्टाचारकै आरोप लगाइएको थियो । राजा महेन्द्रको भारत र रुस भ्रमण तथा राज्यभिषेक समारोहमा असीमित सम्पत्ति खर्च गरिएको थियो । त्यसलाई पनि भ्रष्टाचारकै कोटीमा राखिएकोछ । पंचायतकालमा भ्रष्टाचार संस्थागत थियो तर संचार माध्यममा सरकारी नियन्त्रण भएकाले विवरण वाहिर आउदैनथ्यो । भरत गुरुङ्ग दिलबहादुर लामा प्रकरण चरम अबस्थाको प्रकटीकरण थियो ।

वि.पी. कोइरालालाई भ्रष्टाचारको आरोप लगाई हटाइयो । कोइरालाको सम्पत्ति बढेको कतै बुझिदैन । तर, राजा महेन्द्रका सन्ततिको सम्पत्ति लगातार बढेको छ । राजा वीरेन्द्रको शुभराज्यभिशेकमा अथाह सम्पत्ति खर्च गरिएको थियो । त्यस बेला अमेरिकी टाइम पत्रिकाले 'गरिब देशका धनी राजा' भनेर सामाग्री छापेको पाइन्छ ।

पंचायतकालमा लोकेन्द्रबहादुर चन्दलाई गलैचा काण्ड, सूर्यबहादुर थापालाई वनजंगल सकेको आरोप लागेको थियो । काण्डै काण्डको झुण्ड पंचायतको आयु भ्रष्टाचारकै कारण सकिएको थियो । पंचायतकालमा सीमित वर्ग जसको दरवारसग सम्बन्ध हुने सीमित वर्गले भ्रष्टाचार गर्दथे । राज्यको ढुकुटी स्वेच्छाचारी राजाज्ञा मार्फत खर्च गरिन्थ्यो । तर, पंचायतको बिशेषता भनेको राजाको सर्वोपरि नेतृत्व हो भनेर पञ्च नै गौरव गर्दथे ।

प्रजातन्त्र प्राप्ति पछि नेपालको भ्रष्टाचार नारायणीहिटीबाट सिंहदरवारमा सर्‍यो । कार्यकारीणी अधिकार सिंहदरवारलाई प्राप्त भएपछि भ्रष्टाचार संस्थागत भयो । अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई पंगु बनाइयो । यो राज्य संचालकहरुले नियतवस गरेका कार्य हो । प्रजातन्त्र पछिका चर्चित भ्रष्टाचारमा धमिजा काण्ड महत्वपूर्ण छ । यसमा प्रधानमन्त्रीको दवावमा युरोपमा शाही नेपाल वायु सेवा निगमको जि. एस. ए. नियुक्त गरियो । जसबाट निगमलाई प्रत्यक्ष ३८ करोड र अप्रत्यक्ष ३९ करोड घाटा भयो । यसमा निगमलाई दुहनोगाई बनाइयो । चाइना साउथ वेस्ट एयरलाइन्स प्रकरण एमाले सरकारको पालाको चर्चित भ्रष्टाचार काण्ड हो । एमालेको सरकारको पालमा भारतीय लेभीको चिनी प्रकरणमा भ्रष्टाचार संस्थागत गरिएको छ । भ्रष्टाचार गरी पार्टीकोषमा रकम जम्मा गर्ने निर्णय एमालेले गरेको थियो । चेज एयर प्रकरण नेपालको अर्को चर्चित भ्रष्टाचार हो । यसमा झूठो र ठग कम्पनिसंग जहाज भाडामा लिने निर्णय भएको थियो जसमा ७ लाख अमेरिकी डलर घाटा भएको थियो । लाउडा जहाज भाडा प्रकरण नेपालको अर्को ठूलो भ्रष्टाचार काण्ड हो जसको अपराधीलाई प्रधानमन्त्रीद्वारा आफ्नै निवासमा राखिएको थियो । कृषिमन्त्री पद्मसुन्दर लावतीको रसायनिक मलकाण्ड अर्को ठूलो भ्रष्टाचार हो । देउवा सरकारको पालामा राजकीय ढुकुटी व्यक्तिगत फाइदाका लागि लुटाइएको थियो । देउवा सरकारको पालामा 'पजेरो प्रकरण' 'सांसद खरिद-विक्री प्रकरण', 'सांसद पेन्सन प्रकरण', 'सांसद बैंकक पठाएको प्रकरण' 'सुत्केरी खर्च' प्रकरणहरु प्रमुख भ्रष्टाचार हुन् । देउवा सरकारपछि नेपालमा राजनीतिक तहमा हुने भ्रष्टाचार छताछुल्ल भएर सडकमा आयो । मन्त्रालय तथा विभाग र राजनीतिक नियुक्ति पाएकाहरुले अकूत सम्पत्ति कमाएका छन् । हिजोका जोगी जस्ता राजनीतिक कर्मीहरु आलिसान महल, महङ्गा गाडि र बजारमा उपलब्ध सम्पूर्ण भौतिक सुविधाले सम्पन्न भएका छन् । एक जना भूतपूर्व मन्त्रीले 'मैले विगतमा भ्रष्टाचार गरे मलाई कारवाही गर' भनेर सावितीे वयान सगै दण्डको माग गरे । तर, कानुनको अभावका कारण कारवाही गर्न नमिल्ने जानकारी गराइयो । हाल राज्यको आर्दश नै भ्रष्टाचार हो भन्ने प्रतीत भएको छ । विगत १२ वर्ष यता प्रजातन्त्रका कारण सक्षम प्रेस र सचेत नागरिक समाजले गर्दा भ्रष्टाचार प्रकरणहरु बाहिर आएका हुन् । गत आर्थिक वर्षमा तजवीजी अधिकार प्रयोग गरी राजाबाट राज्यको कोषको ६३ करोड रुपैया निकाशा गराइयो । एउटै परिवारले देश ०.६३ प्रतिशत रकम उपयोग गर्नु यो नैतिक भ्रष्टाचारको पराकाष्टा हो ।

विगत १२ वर्षको भ्रष्टाचारको प्रवृतिलाई हेर्दा नेपालमा राज्यद्वारा भ्रष्टाचार संस्थागत देखिन्छ । तमाम भ्रष्टाचार प्रकरणमा 'नीतिगत निर्णय' र 'तजवीजी अधिकार'को प्रयोग गरिएको छ । कार्यपालिका, न्यायपालिका, व्यवस्थापिकाले गर्ने भ्रष्टाचार वा राष्ट्र प्रमुखले गर्ने भ्रष्टाचार सबैमा शक्ति पृथकीकरण सिद्धान्तले स्थापित मान्यताको आडमा विषेशाधिकारको रुपमा निर्णय गरिएको छ । न्यायपालिकामा हुने भ्रष्टाचार बारे कार्यपालिका र व्यवस्थापालिकाले केही गर्न सक्दैनन् । कार्यपालीका र व्यवस्थापालिकामा हुने भ्रष्टाचार न्यायपालिकाले नियन्त्रण गर्न सक्दैन । राष्ट्र प्रमुखबाट हुने भ्रष्टाचार राज्यसत्ताद्वारा विकसित, प्रोत्साहित र संरक्षित भ्रष्टाचारको रुपमा रहेको छ । भ्रष्टाचार नियन्त्रण सम्बन्धी कानुनी, राज्य सयन्त्रको सक्रियता नहुनुले यस तर्कलाई वल दिन्छ । विगत १२ वर्षमा सबै राजनीतिक दलहरु 'जल माफिया', 'हवाई माफिया', 'भू माफिया' 'लागु औसत माफिया', 'सुनमाफिया', 'पासपोर्ट माफिया' देखि 'चेलीवेटी वेचविखन माफिया' र 'मानव तस्कर'द्वारा प्रभावित छन् । निजामति कर्मचारी र प्रहरीको सरुवा वढुवा प्रक्रिया ठेक्का प्रथा चलाइयो । ठेक्का बुझाउन चरम भ्रष्टाचार गरियो । चुनाव जित्न गैर कानुनी स्रोतको अथाह धन खर्च गरियो । चुनावमा लगानी गर्ने तस्कर र माफियाले पछि लाससेन्स, ठेक्कापट्टा, कर्मचारीको सरुवा, बढुवा, प्रहरीको नियुक्ति, सरुवा, बढुवा आदिबाट आफ्नो लगानी सावाँ, ब्याज र नाफा सहित असुली गरे । नेपालको राजसंस्थादेखि गा.वि.स. स्तरका सम्मले भेटे र सके जति भ्रष्टाचार गरेकाछन ।

**भ्रष्टाचार एक हतियार (Corruption as weapon):**

राजनीतिक भ्रष्टाचार आफ्नो विपक्षी सिध्याउने महत्वपूर्ण हतियार पनि हो । विसौं शताब्दीको उत्तरार्धमा यसको प्रयोग संसार भरि अत्यधिक भएको छ । मलेसियामा महाथिर मोहमदले अनवर इब्राहिमलाई,, इण्डोनेशियामा मेगावतिले राष्ट्रपति अब्दुल रहमान वाहिदलाई, भारतमा पि.वी. नरसिह रावलाई, पाकिस्तानमा भुट्टो र नवाज सरिफलाई भ्रष्टाचारको निहुमा सिध्याइएको छ । विहारका मुख्यमन्त्री लालु यादवले इन्डिया टुडेमा अर्न्तवार्ता दिने क्रममा भनेका थिए, "भ्रष्टाचार भनेको मलाई सिध्याउने घिन लाग्दो राजनीतिक खेल हो र यो पनि भ्रष्टाचार हो ।"

नेपालमा पनि वि.पी. कोइराला भ्रष्टाचार कै कारण राजनीतिक रुपमा सिध्यिएका थिए । असोज १८, २०५९ को शाही कदम पनि भ्रष्टाचारबाट मुक्ति दिन चालिएको कदमको रुपमा राजावादीहरुले दावी गरेका थिए तर राजाले आफै ६३ करोड सकेपछि यो तर्क उठ्न छाडेको छ ।

हाल अख्तियारको कारवाही पनि त्यहि बाटोमा हिडिरहेको छ । अख्तियारले पूर्वाग्रही ढंगबाट कारवाही चलाइरहेको आवाज उढिरहेको छ । कानुनको शासनमा पारदर्शिता महत्वपूर्ण कुरा हो । त्यसैले सम्पत्ति आयोगको प्रतिवेदन पहिला सार्वजनिक गरिनु पदर्छ । त्यसपछि पारदर्शी कारवाही हुनु पर्छ । हिन्दी चलचित्रमा नायकले गुण्डाको सुची बनाएर रातो क्रस दिदै मार्दै गरेको शैलीमा अख्तियारको कारवाही बढिरहेको छ । राज्यको सवैधानिक अंगको त्यस्तो कारवाही पूर्वाग्रही हुनुहुदैन । जो भ्रष्ट छन तिनलाई हदैसम्मको सजाय दिइनु पर्दछ । कमाएको राज्यको सम्पत्ति फिर्ता हुनु पर्दछ । तर, कारवाही कानुनको शासनको मर्म अनुसार हुनुपर्दछ । अदृष्य शक्तिको गोटीको रुपमा होइन ।

**भ्रष्टाचारको परिणाम (Consequences of Corruption):**

भ्रष्टाचारको परिणाम सम्वन्धी अध्ययन हामी कहाँ भएको छैन् । भ्रष्टाचारले अर्थतन्त्रमा कस्तो प्रभाव पार्छ ? सामाजिक सम्वन्ध, प्रक्रिया र संस्थाहरुमा कस्तो प्रभाव पार्छ ? भ्रष्टाचारले सार्वजनिक प्रशासनलाई कस्तो बनाउद ? राजनीतिक नेतृत्व र राजनीतिक स्थिरतामा कस्तो प्रभाव पार्छ ? यस बिषयमा विधागत अध्ययनको अभाव रहेको छ । पश्चिमी संसारमा यस सम्वन्धी अनेक अध्ययन भएका छन । भ्रष्टाचारको परिणामहरुको बिषयगत स्वरुप :

**अर्थशास्त्र र भ्रष्टाचार ( Economics and Corruption)** :

भ्रष्टाचारले कूल राष्ट्रिय उत्पादनमा कमी ल्याउछ भन्ने तर्क पाइन्छ । भ्रष्टाचारले लगानीलाई घटाई समग्र अर्थतन्त्रमा नकारात्मक प्रभाव पार्दछ । शिक्षा, स्वास्थ्य, र सामाजिक सूरक्षाको क्षेत्रमा ठूलो परिमाणमा बजेट कटौती गराउँदछ । भ्रष्टाचार बढि भएमा सार्वजनिक खर्चमा कमि आउदछ त्यसको परिणाम स्वरुप कूल उपभोगमा कमी आई अर्थतन्त्र ओरालो लाग्दछ । भ्रष्ट राजनीतिज्ञ र नोकरशाहीतन्त्र भएमा व्यक्तिगत फाइदाका हिसावले बजेट बिनियोजन हुन्छ । भ्रष्टाचारले असमानता बढाई धनी र गरिब वीचको खाडल ठूलो बनाउदछ ।

अर्को तर्फ भ्रष्टाचारले आर्थिक विकासमा सहयोग गर्छ भन्ने बैकल्पिक विचार पनि रहेको छ । भ्रष्टाचारबाट सम्पति एकिकृत हुने हुनाले यसबाट लगानी प्रोत्साहित भइ रोजगारी र कूल उपयोगमा बृद्धि हुन्छ भन्ने धारणा पनि पाइन्छ ।

**समाजशास्त्र र भ्रष्टाचार ( Sociology and Corruption) :**

समाजशास्त्रमा भ्रष्टाचार विपथगामी (Deviant), मूल्यहिनता (Normlessness) र नकारात्मक कार्य गर्ने(Dysfunctional) सामाजिक व्यवहारको रुपमा पाइन्छ । भ्रष्टाचारले समाजमा मूल्य, मान्यता र आर्दशको स्खलन गर्दछ ।यसले समाजको एकत्र गर्ने शक्ति (Adhesive Power) को क्षय भई बिखण्डनको खतरा बढ्दछ । समाजशास्त्रीय दृष्टिकोणमा भ्रष्टाचारले असमानता बढाउदछ जसको कारण सामाजिक सम्वन्धहरु (Social Relationas) प्रभावित हुन्छन । भ्रष्टाचारले गर्दा साधन र स्रोतमा असमान पहुँच स्थापित गर्दछ । परिणाम स्वरुप सामाजिक द्वन्द्वहरु बढदछन् । भ्रष्टाचारले नवअभिजात बर्ग ( Neo-Elite Class) जन्माउदछ । नेपालमा पनि भ्रष्टाचारका कारण भन्सार र करका मुखिया, खरदार, सुब्वा, र हिजो हात्तिछाप चप्पल लगाउने राजनीतिक कार्यकर्ताहरु आज दशौ करोडका मालिक भइ आलिशान महलमा बिलाशिताको जीवन बिताई रहेका छन ।

भ्रष्टाचारले समाजमा राम्रो स्थायित्व दिने हुनाले यो प्रर्कायवादी हुन्छ भन्ने तर्क पनि पाइन्छ । सन १९०४ मा हेनरी फोर्डले अमेरिकी समाजमा भ्रष्टाचारभन्दा खतरनाक शिथिलता र अवनति हो भनेका थिए । उनी भ्रष्टाचारलाई प्रकार्यवादी (Eufunctional) मान्दछन । तर भ्रष्टाचार वास्तविक सामाजिक समस्या हो र यसले समाजलाई हानी गर्छ भन्ने तर्क बलियो छ । समाजशास्त्रीय कोणबाट यसको थप अध्ययन हुन बाँकी नै छ ।

**राजनीतिकशास्त्र र भ्रष्टाचार (Political science and corruption):**

राजनीतिशास्त्रले भ्रष्टाचार राजनीतिक प्रणालीको प्रमुख शस्त्रुको रुपमा लिएको छ । यसले सरकारलाई कमजोर र पङ्गु बनाउछ । भ्रष्टाचारले राजनीतिज्ञहरुलाई उत्तरदायित्व, जवाफदेहिता, नियम र कानुनको परिधीबाट च्युत बनाउदछ । राज्यको दोहनात्मक, वितरणात्मक, नियन्त्रणात्मक र प्रतीकात्मक क्षमताको क्षय गर्दछ । यसको परिणाम प्रजातन्त्रलाई विकृत र अक्षम बनाउदछ भन्ने तर्क भ्रष्टाचार सम्वन्धी राजनीतिशास्त्रका अध्येताहरु र्गदछन । भ्रष्टाचार एक समस्या हो र यसले राज्य प्रणालीमा नकारात्मक असर गर्दछ भन्ने तर्क रहेकोछ । एक पटक बर्मेली नेतृ आंङ सांङ सुकीले भनेकी थिइन, मानिस सत्ता प्राप्त गर्नेभन्दा पनि सत्ता च्युत हुने डरले भ्रष्टाचार गर्छ । नेपालमा पनि विगत १२ वर्षमा यस्तो अनुभव गरिएको छ ।

**जन प्रशासन र भ्रष्टाचार (Public Administration and Corruption ):**

जनप्रशासन र भ्रष्टाचार वीच पनि सम्बन्ध रहेको छ । भ्रष्टाचार यस्तो प्रघटना हो जसले नोकरशाहीतन्त्रलाई पङ्गु र नालायक बनाउदछ । निश्पक्ष, चुस्त र स्वच्छ नोकरशाहीतन्त्रको शत्रु भनेको भ्रष्टाचार हो । यसले कर्मचारीको कार्यक्षमता र दक्षतामा कमी ल्याउँछ र व्यवसायिकता घटदछ जसको कारण ‘स्थायी सरकार’को रुपमा रहेको सार्वजनिक प्रशासन कमजोर हुन्छ । जनताले पाउनुपर्ने सुविधाहरु दिन राज्य अक्षम हून्छ । परिणाम स्वरुप जनता सरकार प्रति असन्तुष्ट हुन्छन । भ्रष्टाचार त्यस्तो चिल्लोपना हो जसले नोकरशाहीतन्त्रलाई तेज गतिमा कार्य गर्न मदत गर्दछ भन्ने वैकल्पिक विचार रहेकोछ । तर, समग्रमा भ्रष्टाचारले समाजमा सबै दृष्टिकोणबाट हानि नै गर्दछ ।

**भ्रष्टाचार नियन्त्रणका उपायहरु ( Measures for Combating corruption) :**

भ्रष्टाचार नियन्त्र गर्न यस दस्तावेजले निम्न उपाय अपनाउनु सिफारिस गर्दछ ।

**सामाजिक उपाय (socital Measures) :**

समाजमा भ्रष्ट मानिस असामजिक र असभ्य हो भन्ने अवधारणा विकसित गर्नुपर्छ । । भ्रष्टाचारीलाई सामाजिक वहिस्कार गर्ने संस्कार बसाउनु पर्छ । भ्रष्टलाई सामाजिक रुपमा निन्दा र धृणा गर्ने परिपाटी वसाउनु पर्छ । सिगापुरमा एक भ्रष्ट मन्त्रीले सामाजिक निन्दा सहन नसकी आत्महत्या समेत गरेकाथिए । भ्रष्टले बोलाएको भोजमा  नगइ विवाह र सामाजिक संस्कारहरुमा कम खर्च र तडकभडक नगर्ने परिपाटीलाई प्रोत्साहित गर्नुपर्छ । मूल्य मान्यता र आदर्श मानिसको गुण हो भन्ने मान्यता जगाउनु पर्छ । भ्रष्टाचार विरुद्ध नागरिक समाजले आवाज उठाउनु पर्छ । अन्तरव्यक्तिगत विश्वासमा समाज चल्ने हुनाले आफ्नो मान्छे र चाकरीको भरमा काखा र पाखा गर्ने परिपाटी अन्त्य हुनुपर्छ ।

**शैक्षिक उपाय (Educational Measures) :**

भ्रष्टाचार हटाउन नैतिक शिक्षामा जोड दिइनुपदर्छ । नानीहरुलाई ठूलो मानिस भन्दा असल मानिस बनाउने शिक्षा दिइनुपर्छ । नीजि र व्यक्तिगत स्वामित्वको उचित प्रयोग बारे सानै उमेरदेखि सिकाउनुपर्छ । यस विषयलाई तल्लो कक्षादेखि पाठयक्रममा समावेश गर्नुपर्छ । इमान्दारि र नैतीकता असल मानिसको गुण हो भन्ने अनुभुति गराइनुपर्छ । उच्चशिक्षामा भ्रष्टाचार विषयमा अध्ययन/अध्यापन गराई यस सम्बन्धी अध्ययन/अनुसन्धान र दस्तावेजीकरण गर्नुपर्छ । विश्वविधालयले भ्रष्टाचार सम्वन्धी अन्तरबिषयगत अध्ययन अध्यापनको नयाँ बिषय शुरु गर्नुपर्छ । अर्थशास्त्र, समाजशास्त्र, मानवशास्त्र, राजनीतिकशास्त्र, जनप्रशाशन, कानुन, इतिहास र अन्य समाजविज्ञान र भ्रष्टाचार बिषयमा अध्ययन अनुसंन्धानमा जोड दिइनुपर्छ ।

**कानुनी उपाय (Legal Measures):**

भ्रष्टाचार नियन्त्रण सम्बन्धी कानुनको परिमार्जन र कार्यान्वयन गर्नुपर्दछ । हालको कानुनमा न्यून दण्डको ब्यवस्था भएकाले जोखिम कम रहेकोले  भ्रष्टचारीहरु डराउदैनन् । त्यसकारण दण्ड बढाउनु पर्छ  ताकी जोखिम बढेर भ्रष्टाचार कम होस् । हाल जोखिम कम भएका कारण भ्रष्टाचार बढेको हो । राज्यमा भ्रष्टाचार नियन्त्रणका संयन्त्रले निश्पक्ष र पारदर्शी ढङ्गबाट कार्य अगाडि बढाउनु पर्छ । यिनको थप सक्रियता बढाउनु पर्छ । निर्वाचन कानुन र पार्टी संचालन सम्बन्धी कानुन बनाउनु पर्छ । कानुनमा कार्यपालिका र व्यवस्थापिका बीचको हालको विद्यमान तजवीजी र नीतिगत निर्णयको आधारमा गरिने भ्रष्टाचार अन्त्य गर्न तिनलाई पुर्न परिभाषित गरिनु पर्छ ।

**बजार उपाय (Market Measures):**

भ्रष्टाचारको स्रोत भएकाले सरकारको भूमिकालाई कम गर्दै लैजानु पर्छ । अर्थतन्त्रमा सरकारी हस्तक्षेप कम गर्नुपर्छ  । सरकारलले सेना, प्रहरी न्याय, अनुगमन मूल्याङ्कन तथा नियन्त्रण को कार्य मात्र गर्ने र बाकी बजार अर्थतन्त्रलाई छोडिदिनु पर्छ । यसो भएमा वैङ्क, आर. एन. एसी. लगायत अन्य संस्थानमा हुने भ्रष्टाचार हराएर जान्छ ।

**राजनीतिक उपाय (Political Measures):**

भ्रष्टाचार नियन्त्रण गर्न राजनीतिक उपाय भनेको प्रजातन्त्रको संस्थागत विकास नै हो । पूर्ण प्रजातन्त्र भएको अवस्थामा भ्रष्टाचार नियन्त्रित हुन्छ । कानुको शासन हुनुपर्दछ । नीतिगत निर्णय र कानुन बनाउने अधिकार कार्यपालिका र व्यवस्थापिकामा मात्र हुनुपर्दछ । हाल कानुनको स्रोत दुई ठाउँमा रहेको छ । अध्यादेश र शाही आदेश वा राजाज्ञाबाट मुलुक सञ्चालन गर्ने परिपाटीको अन्त्य हुनुपर्दछ । राजनीतिक दलहरुको आर्थिक पक्ष पारदशी बनाइनुपर्छ । कालोधनको प्रयोग हुन दिइनु हुदैन । त्यसका लागि राजनीतिक दलहरुको आचरण नियमित गर्न सो सम्बन्धी कानुन र आचार संहिता निर्माण गर्नुपर्छ ।

**आर्थिक उपाय ( Economic Measures) :**

उच्च आर्थिक वृद्धिदर, प्रतिव्यक्ति आयमा वृद्धि गर्ने खालको आर्थिक नीति लागू गर्नुपर्छ । उच्च आर्थिक वृद्धि र रोजगारी सिर्जना गरिनुपर्छ । जसले भ्रष्टाचारबाट मुक्त गर्न सक्छ । यो दीर्घकलीन उपाय हो ।

**कर प्रणाली उपाय (Taxation Measures) :**

कर प्रणालीमा सुधार गरिनुपर्छ । कार, घर, जग्गा, जमिन खरिद विक्री गर्दा कर तिरेको निस्सा अनिवार्य पेश गर्नु पर्ने नियम लगाउनु पर्छ । उद्योग व्यापार, वितिय संस्था, वैक खोल्दा संचालनको कानुनी र वैधानिक आम्दानी हो कि होइन परीक्षण गरिनुपर्छ । भारतमा यो प्रणालीले सकारात्मक उपलब्धी दिएको छ ।

**राजनीतक दलहरुको सुधार र पुनः संरचना (Reform and Restructuring Political parties) :**

भ्रष्टाचार नियन्त्रण गर्न हालका मूलधारका राजनीतिक दहरुको सुधार पुनः संरचना गरिनु पर्दछ । राजनीतिक कार्यकर्ताको भर्ती र पदोन्नति पारदर्शी र व्यवस्थित हुनुपर्दछ । राजनीतिक दलको आम्दानी र खर्च तथा सम्पत्ति र दायित्वको विवरण सार्वजनिक गरिनुपर्छ । पार्टीलाई निश्चित मात्राको रकम चन्दा दिने व्यक्ति वा व्यापारिक फर्मको विवरण खोली सहयोगको आधार स्पष्ट गरिनुपर्छ । यसो भएमा तस्कर, माफिया र व्यापारीले राजनीतिक दलसंग सौदावाजी (Quid pro quo) गर्न पाउदैन । राजनीतिक दलमा गैर कनुनी स्रोतको  प्रयोग गर्ने परिपाटीको अन्त्य

गर्नुपर्छ । हैसियत भन्दा माथिको विलासी जीवन जिउने नेताहरुको सम्पति छानविन गर्नुपर्छ । दोषीलाई पार्टीबाट निस्काशन गर्नुपर्छ । राजनीतिक दलले स्वेतपत्र जारी गर्ने र आवधिक रुपमा नेताहरुको सम्पति विवरण सार्वजनिक गर्नुपर्छ । निर्वाचनलाई स्वच्छ र धाधली रहित बनाउदै खर्चको सिमाङ्कन गरिनुपर्छ । यसको प्रभावकारी अनुगमन गर्नु पर्छ । यसको उल्लंघन गर्नेलाई उम्मेदवार हुन नपाउने कानुनी व्यवस्था हुनुपर्दछ । निर्वाचन अपराध सम्वन्धी कानुन र सो सम्वन्धी न्यायलय स्थापना हुनुपर्दछ ।

**धार्मीक उपाय (Religious Measures):**

हाम्रो धर्मशास्त्रहरु बिषेश गरि पुराणहरुमा भ्रष्टाचारलाई प्रोत्साहित गर्ने अध्याय वा खण्डहरुको पुर्नलेखन गरिनु पर्दछ । जस्तो गरुड पुराणमा जति सुकै ठूलो पाप गरेपनि ब्राहृमणलाई मिष्ठान्न भोजन गराई स्वर्णदान, द्रव्यदान, भुमिदान, गौंदान गरेमा पखालिन्छ भन्ने उल्लेख छ । अव यसको बदलामा भ्रष्टाचार गरेको सम्पतिबाट ब्राहृमणलाई मिष्ठान्न भोजन गराई स्वर्णदान, द्रव्यदान, भुमिदान, गौंदान गर्ने सात जन्म नर्कमा डुब्छ भन्ने सन्देश दिने खालको खण्डहरु थप्नुपर्छ । त्यस्तै देवीभागवतमा जतिसुकै पाप गरेपनि भगवानलाई सम्भेर प्रणाम गर्देमा सारा पाप नाश हुन्छ भन्ने उल्लेख छ । त्यस स्थानमा भ्रष्टाचार गर्नेले भगवानको नाम लिएमा सातजन्म नर्ककुण्डमा जाकिन्छ भन्ने सन्देश दिने गरी पुर्नलेखन हुनुपर्दछ ।

**सञ्चार उपाय (Mass Media Measure):**

सञ्चार माध्ययममा भ्रष्टाचार सम्वन्धी समाचार निडर र निश्पक्षताको साथ ल्याउनुपर्दछ । सो सम्वन्धी आधिकारिक र वास्तविक समाचार लेख्ने पत्रकार र सञ्चारकर्मीहरुलाई प्रोत्साहित र पुरस्कृत गर्ने परिपाटी नागरिक समाजले गर्नुपर्दछ ।

## निश्कर्ष : (Conclusion) :

भ्रष्टाचार एउटा सर्वकालिन र सर्वव्यापक संम्भव्यका रुपमा समाजमा व्याप्त छ । यसलाई निर्मूल गर्न कठिन त छ तर नियन्त्रण गर्न असम्भव छैन । राजनेतामा तिव्र इच्छा शक्ति, सजग नागरिक समाज, सक्षम प्रेस र भ्रष्टलाई कठोर दण्ड सहित सामाजिक वहिस्कारको व्यवस्था गर्न सके यसलाई नियन्त्रण गर्न सकिनछ । विश्वविद्यालय र अध्येताहरुले आफ्नो विद्यागत अध्ययनमा भ्रष्टाचारले समाजमा कस्तो असर गर्दैछ भन्ने कुराको अध्ययन गरिनु पर्छ । भ्रष्टाचारबारे सैद्धान्तिकरण र वहस गम्भीर रुपमा उठाइनु पर्दछ । सदाचार र उच्च नैतिकताको राजनीतिक संस्कार निर्माण गर्नुपर्दछ ।

## सन्दर्भ सामाग्री


नेपाली भाषाका

(१) ज्ञानमणी नेपाल(२०४०), नेपाल निरुक्त, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, काठमाण्डौं, नेपाल

(२) ज्ञानमणी, नेपाल (२०५५), नेपाल निरुपण, नेपाल प्रज्ञाप्रतिष्ठान, काडमाण्डौं, नेपाल

(३) वृहत नेपाली शब्दकोष, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, नेपाल

(४) हरी बहादुर थापा (२०५९), भ्रष्टाचारको सल्यक्रिया, संगीता थापा (प्रकाशक), काठमाडौं, नेपाल

(५) हरीबहादुर थापा, दशकका १० महत्वपूर्ण भ्रष्टाचार काण्ड, संगीता थापा (प्रकाशक), काठमाडौं, नेपाल

(६) गृष्मबहादुर देवकोटा, नेपालको राजनीतिक दर्पण, प्रकाशक ध्रुबबहादुर देवकोटा, काठमाडौं नेपाल

(७) भीम प्रसाद भूर्तेल र अरुहरु, "वहुदलीय प्रजातन्त्रको संस्थागत विकासको लागि राजनीतिक दलहरुको सुधार र पुनः संरचना" छलफल दस्तावेज, भाद्र १४, मानव अधिकार तथा प्रजातान्त्रिक मञ्च ( फोरिड) POD NO. 01- 2003

(८) भीम प्रसाद भूर्तेल, "राजनीतिक दलहरुको सुधार र पुनः संरचना" कान्तिपुर दैनिक, २०६० भाद्र १९

(९) आवधिक प्रतिवेदनहरु, महालेख पारिक्षकको विभाग, काठमाण्डौं

(१०) आवधिक प्रतिवेदनहरु, सार्वजनिक लेखा समिति, प्रतिनिधी सभा, काठमाण्डौं,

(११) अख्तियार दुरुपयोग अनुसन्धान आयोगको आवधिक प्रतिवेदनहरु, आख्तियार दुरुपयोग अनुसन्धान आयोग काठमाण्डौं

भ्लनष्किज :भमषक

ज्ञ्द्द। Encyclopedia of Britanica

13. Encyclopedia of Americana.

14. Oxford Dictionary, Oxford University Press.

15. Webster International Dictionary

16. Walter Little and Eduardo P. carbo, (1996), Introduction, In Walter Little and Eduardo P. carbo (ed), Political Corruption In Europe and Latin America, Macmillan Press Ltd. London.

17. Jean Claud waquet (1996) : Some considaration on corruption, politics and society in sixtieth and seventeen century Italy. Opt. Cit.
18. Anthony mefarelane (1996) : Political corrupttion and reform in Bourbon Spanish America opt. Cit.
19. Marcus Kneader (1990) : Democratization and changing methods of Electoral Corruption in France form 1815 to 1914. op cit
20. Paul Heywood (1990) : Continuity and change : analysing political Corruption in modern Spain.

21. Macmillan International Encyclopedia of Social Science.
22. Corruption Perception Index ( 1998 & 2003), The Transparency International
23. E. O. Wilson (1977), Sociobiology New Synthesis, Harvarard college USA
24. Fisher Arthuer, Sociobiology: Science or ideoligy, Society July / August 1992
25. Kate Gillespie and Gwenn Okruhlik (2000), The political Dimension of corruption clean up, In Controlling Corruption, Rober Williams and Alan Doig (ed.) The Politics of Corruptio voi –4, Chelterhan, uk
26. S. M. Lipset and G. S. Lenz (2000), Corruption, Culture and market In S. P. Huntigton & L. Harrission ( ed.) , Culture Matter, Basic Books, Newyork
27. Robert K. Merton (1957), Social Theory and Social Structure, Free press New York.
28. Dor Bahadur Bista ( 1992), Fatalism and Development, Orient Longman, Culcutta.

## भ्रष्टाचार र संस्कार (संस्कृति)

-नूतन थपलिया

### विषय प्रवेश

भ्रष्टाचारको व्यापकता, कारणहरु र परिणामहरुका विषयमा व्यापक छलफल भइरहेको छ । यस सम्बन्धमा प्रचुर मात्रामा साहित्यहरु देखा परेका छन् । कैयौं दस्तावेजहरु पनि आएका छन् । यस सम्बन्धमा अध्ययन अनन्त छ किनभने भ्रष्टाचार पनि अनन्त र सर्वव्यापक छ । स्थान र समय अनुसार पनि भ्रष्टाचारको व्याख्या फरक हुँदै आएको छ ।
इजिप्ट, इजरायल, रोम र ग्रीसको प्राचिन सभ्यतादेखि आजसम्म विषम (Complex) समाजमा भ्रष्टाचार व्यापक रुपमा देखा परेको छ । हिन्दू, ईसाई, मुस्लिम, यहुदी, बौद्ध धर्मावलम्बी र अरु धार्मिक समाजमा पनि भ्रष्टाचार देख्न सकिन्छ । सबै प्रकारका राजनीतिक व्यवस्थामा भ्रष्टाचार निर्मुल हुन सकेको छैन । त्यसैले सर्वव्यापक, समाजमा टाँसिइरहँदै पुनः देखा परिरहने भ्रष्टाचार मनोगत मानव कार्यले मात्र घटाउन सकिँदैन । कुनै समय, स्थान र संस्कार (Culture) मा अरु भन्दा बढी व्यापक भ्रष्टाचार भएको पाइन्छ । अनुसन्धानहरुबाट प्राप्त यस निष्कर्षतर्फ जान्न हाम्रो ध्यान जरुरी छ । यो लेखले परम्परागत सोचाईमा अलि फरक विचार ल्याउने कोशिस हुनेछ जसले स्वाभाविक रुपमा विभिन्न प्रतिक्रियाहरु निम्त्याउने छ । यो स्वागतयोग्य पनि हुन्छ ।

### भ्रष्टाचारको परिभाषा

सर्वोच्च अदालतले एक मुद्दामा भ्रष्टाचारलाई यसरी व्याख्या गरेको छ-‘भ्रष्टाचार शब्द यति व्यापक छ कि यसलाई परिभाषित गर्न कठिन छ । भ्रष्टाचार शब्दलाई परिभाषा गरी निश्चित सीमारेखाङ्कनभित्र आबद्ध गर्ने कार्य जोखिमपूर्ण छ भन्ने महसुस गरेर नै विधायिकाले ‘भ्रष्टाचार निवारण ऐन, २०१७’ मा भ्रष्टाचारको परिभाषा नगरेको महसुस हुन्छ....उक्त परिच्छेद २ मा वर्णित कसूरलाई मात्र (भ्रष्टाचार) जनाउँछ भन्न सकिँदैन ।’ यसरी नै मुलुकी ऐनदण्ड-सजायले पनि भ्रष्टाचारको परिभाषा भन्दा कस्तोलाई घुस भन्ने भनेर अर्थ दिन खोजेको छ । द.स. को महल १४ नं. मा यसरी लेखिएको छ-‘कुनै सरकारी वा सार्वजनिक कामको अधिकार पाएका व्यक्तिले आफ्नो ओहदा सम्बन्धी काम गर्दा गराउँदा वा कुनै कानुनी कर्तव्य भएका व्यक्तिले त्यस्तो कर्तव्य पालन गर्दा कानुनले लिन खान हुने पारिश्रमिक बाहेक अरु कुनै रकम, कलम, दै-दस्तुर लिन-खान हुँदैन, लिए खाएमा घुस भएको ठहर्छ ।’
English Law को शब्दकोशमा भ्रष्टाचारको परिभाषा यसरी दिइएको छ-‘कुनै व्यक्तिले आफ्नो ओहदाको वा सोसम्बन्धी कुनै काम गर्न वा गरिदिएबापत वा नगर्न वा नगरिदिएबापत वा आफ्नो ओहदाको वा सोसम्बन्धी कुनै काम गर्दा कसैको मोलाहिजा वा कुनैलाई अनिष्ट गर्न वा गराइदिएबापत, नगर्न वा नगरिदिएबापत इनामको रुपमा केही पाउने प्रलोभनमा परी या आर्थिक लाभ अनियमित ढंगले मन्जुर गरेमा वा लिएमा वा लिन प्रयत्न गरेका त्यस्तो कार्यलाई भ्रष्टाचार भनिन्छ ।’ भ्रष्टाचार निवारण ऐन, २०१७ को परिच्छेद २ को दफा ३ ले पनि माथि उल्लेख गरे सरह कसूर (घुस) लाई अर्थ दिन खोजेको छ ।

वास्तवमा राजनीतिशास्त्रीहरु राज्य वा राजनीतिमा भ्रष्टाचार विद्यमान हुन्छ भन्ने कुरामा एकमत छन् । उनीहरुका अनुसार गैर कानुनी उपयाबाट धन या शक्ति प्राप्त गर्न प्रयास गर्नु-सार्वजनिक नोक्सानीमा निजी लाभ उठाउन भ्रष्टाचार हो । ‘राजनीतिमा भ्रष्टाचार’ को लेखमा Arnold Heideheimer ले भनेका छन्-‘भ्रष्टाचार शब्दको अनुपम ढंगले विभिन्न अर्थ र भावार्थको इतिहास नै छ । जे होस् इतिहासले के प्रमाणित गरिएको छ भने जति जति शक्ति एक

ठाउँमा केन्द्रित हुँदै जान्छ त्यति त्यति भ्रष्टाचार पनि असीमित हुँदै जान्छ ।' राजनीतिशास्त्रमा 'शक्ति पृथकीकरण' र 'शक्ति सन्तुलन' को सिद्धान्तको प्रादुर्भाव यसैको कारणबाट हुन गयो ।

प्राचीन सभ्यतादेखि अहिलेसम्म विभिन्न राजनीतिक र आर्थिक व्यवस्थामा र विभिन्न धर्म सम्प्रदायहरुमा समेत भ्रष्टाचार थियो र त्यो अहिले पनि कायम छ । खास गरी विषम समाजमा भ्रष्टाचार व्यापक मात्रामा हुन्छ ।

नेपाल अधिराज्यको विस्तार हुनुअघि र त्यसपछि पनि भ्रष्टाचार थियो भन्ने तथ्य पृथ्वीनाराण शाहको दिव्योपदेशले प्रष्ट पार्दछ -'घुस दिने र खाने दुवै राष्ट्रका शत्रु हुन् ।'

राणा शासनको उदयपछि राणा प्राइम मिनिस्टिर श्री ३ महाराज भई असीमित शक्ति पाएपछि भ्रष्टाचार व्यापक मात्रै नभई संस्थागत हुन थाल्यो । जुवामा हारेको रकम तिर्न नसकी हात्ती समाउन तराई झर्न विवश भएका जंगबहादुरले अपार सम्पत्ति जोड्न सके । वीर शमशेरले पनि राज्यको ढुकुटी र निजी ढुकुटीमा फरक देखेनन् र सर्वप्रथम अथाह सम्पत्ति विदेशी व्याङ्कमा जम्मा गर्न सफल भए । श्री ३ महाराज चन्द्र शमशेरले राज्यको ढुकुटीलाई निजी ढुकुटीका रुपमा प्रयोग गर्दै चल अचल सम्पत्ति नौ नौ करोडका दरले आफ्ना नौ भाइछोरालाई बाँडेका थिए । श्री ३ भीमशमशेरले पनि भोटसँग लडाइ हुनेदेखि लडाइँका लागि छुट्याइएको दुई तीन करोड रुपियाँ राज्यको ढुकुटीबाट आफ्नो निजी ढुकुटीमा रातारात सारेका थिए । श्री ३ महाराज मोहन शमशेरले पनि देशै छोडी भारत जाँदा पनि अपार चाँदी (जिन्सी) भारततर्फ लगेका थिए । प्रथम महायुद्ध र द्वितीय महायुद्धमा गोरखालीहरुले लडेबापत ब्रिटीस सरकारबाट प्राप्त भएको बार्षिक भा.रु. दश लाख (पछि २० लाख भा.रु.) राज्यको ढुकुटीमा जानुपर्ने आम्दानी श्री ३ महाराजको निजी ढुकुटीमा जान्थ्यो । यो एउटा भ्रष्टाचारको नमुना मात्र हो । श्री ३ महाराज प्रधानमन्त्री र उनका परिवारले कर, तिरो, भन्सार, महसुल आदि तिर्नुपर्दैन्थ्यो । वास्तवमा राज्यका सम्पूर्ण स्रोतहरु नै श्री ३ महाराज प्राइममिनिस्टरका हातमा हुन्थ्यो । राज्यका स्रोतहरुलाई आफ्नो निजी प्रयोजनमा लगाउन सकिन्थ्यो र लगाइन्थ्यो ।

पञ्चायतकालमा जहाँ शक्तिको केन्द्र थियो त्यहाँ भ्रष्टाचार हुनु स्वभाविक थियो र त्यहाँ भ्रष्टाचार व्यापक रुपमा पनि भयो । शक्तिशाली प्रधानमन्त्री तुलसी गिरी, उनका मन्त्रीमण्डल सदस्यहरु र वरिष्ठ कर्मचारी विरुद्ध विदेशी मुद्रा अपचलन गरेको आरोप लाग्यो । मुद्दा जितेपछि तुलसी गिरी सदाका लागि विदेसिए । पञ्चायत कालमा वन जंगल धेरै नाश भयो । घुसको चक्करले गर्दा गिफ्ट पार्सल, स्टनेलेस स्टिलका सामान निर्यात काण्डले देशको उद्योग र व्यापार डुब्यो र देशको अपार सम्पत्ति विदेशी व्याङ्कमा पुग्यो ।

२००७ सालमा प्रजातन्त्र आयो तर पनि यो लेगासी (Legacy) ले छोडेन । राज्यको सम्पत्ति र शासकहरुको निजी सम्पत्तिमा भिन्नता देखिएन । विकासका क्रममा हामी पछाडि नै रहेछौं भन्नुपर्ने अवस्था आयो ।

समाजको निर्माणको सुरुको अवस्थामा राज्यले शान्ति सुरक्षा दिने, न्याय दिने र कर तिरो उठाउने काम गर्ने हो । न्याय दिँदा र कर तिरो उठाउँदा भ्रष्टाचार हुन्थ्यो । समाजका सीमित समूहमा भ्रष्टाचारको मार पर्दथ्यो । जब विकास र निर्माणका कार्यहरु पनि सरकारले गर्न थाल्यो तब भ्रष्टाचार बढी देखिन थाल्यो । समाजको सानो समूहबाट ठूलो व्यापक समूहमा भ्रष्टाचारले सतायो । हाल दातृसमुदायबाट विदेशी ऋण र अनुदानका रुपमा आर्थिक संरचना, आर्थिक विकास, गरीबी उन्मुलन, आतंककारी निर्मुल गर्न सहयोग आउन थाल्यो । भ्रष्टाचारले सम्पूर्ण समाजलाई अँठ्याइदियो । हाम्रो देशमा स्थानीय प्रशासनदेखि केन्द्रीय प्रशासनसम्म, कर, राजस्व, भन्सारदेखि नापीसम्म भ्रष्टाचारको जगजगी बढेको छ । आफ्नो प्रमाण बनाउन र आफ्नो सम्पत्तिको प्रमाण लिन पनि भ्रष्टाचारसित जम्काभेट भइहाल्छ । प्रस्ट रुपमा विकासोन्मुख देशहरुमा भ्रष्टाचार सर्वशक्तिमान, सर्वव्यापक र अदृश्य शक्ति भएको छ । केही वर्ष अघि फिलिपिन्सका राष्ट्रपति, इन्डोनेसियाका राष्ट्रपति, कोरियाका राष्ट्रपतिले भ्रष्टाचारको आरोपमा पद छाड्नु परेको, भारतका प्रधानमन्त्री पी.भी नरसिंह रावलाई अदालतले भ्रष्टाचारमा दण्ड दिएको, पाकिस्तानका प्रधानमन्त्रीलाई आरोप लागेको, कोरियाका राष्ट्रपतिहरु पनि भ्रष्टाचारको मुद्दामा फसेको पाइन्छ । नेपाल पनि यसमा अपवाद हुन सक्दैन । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचारीहरुका विरुद्ध सशक्त कारवाही चलाइरहेको छ । यो कठिन काम भए पनि आवश्यक र प्रशंसनीय काम हो । यसमा द्विमत हुन सक्दैन ।

भ्रष्टाचार अनियन्त्रित हुँदा साधारण नागरिकहरुलाई राज्यले विश्वास गर्न गाह्रो हुँदै गयो । नवजात प्रजातन्त्र उदय भएको एसिया, अफ्रिका र ल्याटिन अमेरिकाका देशहरुमा प्रजातन्त्रप्रति आस्था घट्दै गई त्यहाँका नागरिकहरुमा नकारात्मक प्रभाव परिरहेको छ ।

**भ्रष्टाचारको प्रभाव**

यसको प्रभाव व्यापक छ । यसले आर्थिक विकासमा पनि नराम्रो असर पार्दछ । हाल अनुसन्धानहरुबाट यो प्रमाणित भएको छ कि उच्च तह (High Levels) भ्रष्टाचारले कुल राष्ट्रिय उत्पादन (Gross National Product) घटाइदिन्छ । त्यसैगरी Polo Muro को बहुप्रतिगमन विश्लेषण (Multiple Regresion Analysis) बाट शोधबाट के सिद्ध भएको छ भने भ्रष्टाचारमा २.४ को प्रतिगमनले (कमी) प्रतिव्यक्ति आय (Per Capita Income) मा ४ प्रतिशतले वृद्धि हुन्छ । यसको खास कारण लगानी बढ्नु हो । यसैगरी शिक्षा, स्वास्थ्य, मानव विकास क्षेत्र र गरीबी उन्मुलन कार्यक्रममा पनि खर्च घट्ने कारण भ्रष्टाचार बढी हुने र कम जोखिम हुने क्षेत्रमा भ्रष्टाचार गिरोहले खर्च गर्न उत्साहित गरेको हुन्छ । नेपालमा महालेखा परीक्षकको प्रतिवेदनमा देखिएको बढ्दो बेरुजु पनि बढ्दै गएको भ्रष्टाचारको एउटा ज्वलन्त प्रमाण हो ।

ताइवानका राष्ट्रपतिले हातहतियार खरिदमा, बंगलादेशका प्रधानमन्त्रीले मिग विमान खरिद प्रकरणमा, भारतका प्रधानमन्त्री स्व. राजीव गान्धीले बोफोर्स तोप काण्डमा भ्रष्टाचारको मुद्दा खेप्नुपर्‍यो । यसैले हातहतियार किन्ने दौड, ठूला ठूला जहाजहरु किन्ने होड, सडक, पुल, एअरपोर्ट, नदी योजना जस्ता ठूला परियोजनाहरुमा माफियाहरुले जोड दिएको हामी पाउँछौं । माफियाहरुको सञ्जाल व्यापक र अदृश्य हुन्छ । नेपालको पजेरो काण्ड पनि यस्तै माफियाहरुको सफलताको कथा हो । यसै सन्दर्भमा बंगलादेशका लागि विश्व व्याङ्कका निर्देशक फेडरिक टी. टेम्पले केही समय अघि एउटा कार्यक्रममा भनेका थिए-'भ्रष्टाचार र भ्रष्ट आचरणबाट सबैजसोले पीडा भोग्नुपर्ने हुन्छ । गरीबले त अँझ बढी पीडा खप्नुपर्ने हुन्छ ।' यसै गरी नोबेल पुरस्कार विजेता अमर्त्य सेनको भनाइमा 'भ्रष्टाचारले गरीबी ल्याउँछ, गरीबीले विषमता पैदा गर्दछ अनि विषमताले विद्रोहतिर उन्मुख गर्दछ । भ्रष्टाचार-गरीबी-विषमता र विद्रोहको चक्रव्युहमा पिछडिएका अर्थात् विकाशोन्मुख देशहरु परिरहने सम्भावना बढी हुन्छ ।'

हालसालै श्री ५ को सरकारका मुख्य सचिव कोइरालाले भनेका छन्-नेपाल अहिले असफल राज्यतिर गइरहेको छ । राज्यले शान्ति सुरक्षा पनि दिन सकेको छैन । देशमा उत्पादन बृद्धि पनि गर्न सकिएन । यसका कारणहरु मध्ये मुख्य कारण भ्रष्टाचार हो । पहिल्यैदेखि राजनीतिज्ञ र कर्मचारीहरुको साँठगाँठमा भ्रष्टाचारको विकृति आइरहेको छ ।

**संस्कार र भ्रष्टाचार**

संस्कार र भ्रष्टाचारको घनिष्ठ सम्बन्धलाई दुई जना समाजशास्त्री र राजनीतिशास्त्रीहरुको विचारले प्रस्ट पारिदिएको छ । विभिन्न संस्कार र विभिन्न देशको इतिहासको अध्ययनबाट अनुभव सिद्ध ठहर निकालेर भ्रष्टाचारसम्बन्धी दुईवटा सैद्धान्तिक खाका निकालिएको छ । पहिला विचारक Robert K. Morton ले आफ्नो ग्रन्थ Social Theory and Social Structure मा साधन र साध्यको योजना (The means-end Schema) को अवधारणा प्रतिपादन गरेका छन् । यसरी नै अर्का विचारक Edwrd Banfield ले दक्षिण इटालीको अध्ययनबाट नैतिकहीनता परिवारवाद प्रवृत्त (Amoral Familism) को अवधारणा प्रतिपादन गरेका छन् । यसबाट समाजमा संस्कारबाट कसरी भ्रष्टाचारमा भिन्नता आउँछ भनेर प्रमाणित गरेका छन् । उहाँहरुको विचारलाई Transperency International ले प्रकाशित गरेको प्रतिवेदनबाट पनि यसलाई प्रस्ट गर्दछ ।

Daniel Treisman को अध्ययनका आधारमा ब्रिटीश विधि (Procedure) लाई जोड दिन्छन्, उनीहरु 'विधि' विधि मात्रै नभई तोड्न नहुने पवित्र विधि विधान मान्दछन्, अधिकारी वर्गले पनि विधि पुर्‍याएर मात्रै निर्णय र लागू गर्नुपर्ने हुँदा डरले पनि भ्रष्टाचार गर्दैनन् । सबै कार्य विधि पुर्‍याएर मात्रै गर्नुपर्ने संस्कार उनीहरुमा हुन्छ । अर्को कुरा, ब्रिटीशहरुको प्रजातन्त्रप्रति सधैं सकारात्मक सम्बन्ध भयो । यीनै संस्कारहरुबाट पनि भ्रष्टाचारको लेभल घट्न गएको हो । हामीले यो बिर्सन हुन्न कि भ्रष्टाचारको जड समाजको संस्कारमा हुन्छ ।

**नैतिकहीनता परिवारवाद प्रवृत्त (Amoral Familism)**

Palto देखि Banfield सम्म सबैले भनेको कुरा हो-भ्रष्टाचार भनेको विशेष व्यक्तिवाद (विशेष व्यक्तिलाई वास्ता गर्ने) अभिव्यक्ति हो । अर्को शब्दमा नातावाद हो । व्यक्तिको परिवारबाहेक इष्टमित्र र आफन्तहरुप्रतिको अभिभारा (Obligtion) ले गर्दा निजहरुलाई मदत गर्ने, स्रोत जुटाइदिने अभिभारा परिवारवादमा विश्वास गर्नेले बुझेको हुन्छ र यसमा लागि परेको हुन्छ । साँच्चै नै भ्रष्टाचार अति व्यक्त हुने अभिव्यक्ति हो । पूर्व पुँजीवाद, सामन्ती समाजमा व्यक्ति विशेषप्रति अभिभारा लिनु नै व्यक्तिप्रतिको वफादारी (Loyalty) हो । समाजशास्त्री Weber को भनाइमा वफादारी (Loyalty) र बजार (Market) शब्दले विपरीत अर्थ वा सन्देश जान्छ । बजारतन्त्रको मान्यता (Norms) ले सबैलाई सार्वभौम ढंगले व्यवहार गर्न (Universalism) मा प्रतिबद्ध गराउँछ । यस कारण शुद्ध पुँजीवादले सबैलाई सार्वभौम ढंगले व्यवहार गर्न लगाउँछ र यी मुल्यहरुले प्रजातन्त्रलाई अड्याइराख्छ । यो प्रजातान्त्रिक मुल्य व्यक्ति विशेषलाई वास्ता गर्ने (सहयोग गर्ने) व्यवहार भन्दा ठिक विपरीत हुन्छ । यसरी विशेष व्यक्तिलाई विशेष व्यवहार गर्नुभन्दा सबैलाई समान (सम ढंगले) व्यवहार गर्नु बजारमुखी मान्यता हो । यसले नातावाद हटाउँछ, व्यक्तिको क्षमताको कदर गर्दछ र भ्रष्टाचार घटाउँछ भने सामन्ती समाजमा पाइने विशिष्टवाद (Prticularsim) ले नातावादलाई प्रोत्साहित गरी भ्रष्टाचारलाई बढावा दिइरहन्छ ।

यसैले प्लेटोले पच्चीस सय वर्ष अगाडि नै नातावाद संस्कार हटाउन शासक वर्गमा परिवारको सम्बन्ध तोड्न खोजेका थिए । उनले Communism या Waves को कल्पना गरेका थिए । उनको विचारमा परिवारको मोहले मानिसहरुलाई काँतर बनाउँछ र उनीहरु स्वार्थी हुन पुग्दछन् र भ्रष्टाचार गर्न लाग्दछन् । प्रोटेस्टेन्ट संस्कारमा पुँजीवादको उत्पत्ति बुझ्ने हो भने समाजशास्त्री Weber को यो मान्यता मनन गर्नुपर्छ-क्याथोलिक समाजमा पूर्व औद्योगिक मान्यता (Norms) कम्युनिटेरियन (Communitarian) थियो । समाज, परिवार प्रभावशाली समूहले कम भाग्यशाली समूहलाई सहयोग गर्नु आफ्नो कर्तव्य मानिन्थ्यो । (यो संस्कार नेपाली समाजमा पनि व्याप्त छ ।)' तर Weber को मान्यता यो संस्कार तर्क संगत ढंगले अगाडि बढेको बजारमुखी आर्थिक परिस्थितीको उदयका विरुद्ध छ ।

यसैका आधारमा व्यक्तिवाद (Individualism) लाई जोड दिने, आफ्नो वास्ता गर्ने भन्ने संस्कारले पुँजी जम्मा गर्न र कडा परिश्रम गर्न लाग्दछ । प्रोटेस्टेन्टहरुले यो संस्कारलाई हुर्काए, बढाए । उनीहरुको विचारमा ईश्वरले त्यसको मदत गर्छ जसले आफूहरुलाई मदत गर्दछन् । हाल विश्वमा धेरै जसो धनी मुलुकहरु प्रोटेस्टेन्ट धर्मावलम्बी छन् । Weber को भनाइमा प्रोटेस्टेन्टवादको नैतिक सिद्धान्त र आत्मसंयमी सम्प्रदायको ठूलो उपलब्धी भनेको नै संयुक्त परिवारको बन्धनलाई छिन्नभिन्न पारिदिनु हो । Lawrence Harrison ले पनि यो कुरालाई समर्थन गर्दै भनेका छन्- संयुक्त

परिवार बाँच्नका लागि बलियो संस्था हो तर विकासका लागि बाधाजनक छ । आज विकसित पश्चिमी देशहरुमा संयुक्त परिवार कथाका रुपमा मात्रै बाँकी पाइन्छ । आफ्नो संयुक्त परिवारप्रति पारस्परिक भरोसा राख्ने परिवार या गाउँको बाहिरको मानिसप्रति दुर्व्यवहार गर्न खोज्नुले आफ्नो स्वार्थको संस्कार (Self Interest Culture) बढाउँछ ।
Edward Bnfield ले दक्षिण इटालीको गहिरो अध्ययन गरेर नैतिकहीनता परिवारवाद प्रवृत्त (Amoral Familism) को अवधारणा अघि सारे । Communitarian Values (समाजले अशक्तलाई सहयोग गर्ने मुल्य) नभएको तर परिवार सम्बन्धलाई मात्रै बढावा दिने संस्कारलाई नैतिकहीनता परिवारवाद प्रवृत्त भन्न थाले । यसले ठूलो समूहप्रति वफादार (निष्ठा) हुने वा अरुको सहयोग लिनुपर्ने व्यवहारको मुल्यलाई वास्ता गर्दैन । दक्षिण इटाली रहेको यस्तो संस्कारले भ्रष्टाचारलाई मात्रै बढावा दिएको छ । Merit (गुण) र सबैलाई सार्वभौम व्यवहार गर्ने मान्यता (Universal) बाट टाढा रहन बढावा दिन्छ ।

**धर्म-संस्कार र भ्रष्टाचार**

संस्कारमा फरक फरक अवस्थाले भ्रष्टाचारको तह (Level) निश्चित गर्न र यसका कारणहरु बताउन सकिन्छ । तर संस्कार के हो, यसलाई केले व्याख्या गर्दछ ? मनोवृत्ति (Attitude), मुल्यहरु (Values) र विश्वास (Belief) लाई पनि संस्कार (Culture) भन्ने गरिन्छ । यसैले समाजको, राष्ट्रको मानव आचरण (Human Behaviour) र प्रगतिलाई निर्बाध रुपले भूमिका खेल्दछ । परम्परागत संस्रका सामन्ती या पूर्वपुँजीवादमा हुन्छ जो स्वभावैले परिवर्तन विरोधी हुन्छ । पूर्ण पुँजीवाद या पूर्ण औद्योगिक मुलुकहरुमा बहुसंख्यक मानिसहरुमा आधुनिक संस्कार हुन्छ जो भावना र आदर्शले होइन वस्तुगत रुपमा आधुनिक संस्कारमा लिप्त हुन्छ । आधुनिक संस्कार भनेको उनीहरुको जीवन पद्दती हो । यसैले उनीहरुमा दोहोरो मापदण्ड हुँदैन र भ्रष्टाचार कम हुन्छ । प्रोटेस्टेन्टहरुको आधिपत्य रहेका मुलुकहरुमा अरु भन्दा कम भ्रष्टाचार पाइन्छ । उनीहरुको धार्मिक झुकाव नै नियम पालन गर्ने व्यवहारलाई मदत गर्दछ । उनीहरुको विचारमा मानिसले पाप या गल्ती नगर्न उनीहरुको हातमा नै छ । यसबाट उनीहरु व्यवहार निर्देशित हुन्छन् । तर क्याथोलिकहरु भने मानिसको कमजोरी पाप या गल्ती गर्दछ भन्ने मान्यता राख्दछन् । उसलाई बचाउन पोप या चर्चको मदत चाहिन्छ । यसको अर्थ हो क्याथोलिकहरु मानिसको कमजोरी (भ्रष्टाचारलाई) पनि सहने धारणा हुन्छ । भ्रष्टाचारको पाप गरे पनि पादरी र चर्चले पापको मुक्तिको जिम्मा लिएको हुन्छ । हिन्दु धर्ममा पनि गरुड पुराणमा भनिए झैँ ब्राह्मणहरुलाई दान दिन सके जस्तोसुकै पापबाट मुक्त भइन्छ भन्ने विश्वास छ । यसैले भ्रष्टाचारीप्रति सहनसिलता देखाउनुको मतलब समाजमा उनीहरुको बैभव बढ्नु हो । यी भिन्न भिन्न संस्कारले भ्रष्टाचारमा भिन्नता हुन्छ ।
परिवारवादको स्तर अनुसार बाबुआमालाई आवश्यकभन्दा बढी सम्मान गर्ने, पारपाचुके व्यवस्थालाई ठिक छैन भन्ने, हरेक आइमाईको आवश्यक सन्तान हुनुपर्ने आदि स्केलको तह जति माथि जान्छ वा फरक हुन्छ त्यति नै भ्रष्टाचार बढी या फरक हुन्छ । यो संस्कारले भ्रष्टाचारलाई घटाउँदैन । क्याथोलिक धर्मावलम्बीहरु गर्भपतन नगरी धेरै सन्तान जन्माउन मन पराउँछन् । संक्षेपमा धर्म र भ्रष्टाचारको बिचमा परिवारवादले कडीको रुपमा काम गर्दछ । जति परिवारवादको विश्वास बढ्छ उति भ्रष्टाचारले पनि बढी ठाउँ ओगट्छ । अर्को शब्दमा परिवारवादको सम्बन्ध (नाता) बाट टाढा रहने प्रोटेस्टेन्टहरुको विचारले आफ्नो समाजमा भ्रष्टाचार घटाउन मदत गर्दछ ।

**साधन साध्यको योजना**

Merton अवधारणा अनुसार समाजको दबावबाट आएको फाइदाजन्य व्यवहार (गतिविधि) ले भ्रष्टाचारलाई जन्माउँछ । यसले सामाजिक मान्यताहरु र नियमहरुलाई तोड्न प्रोत्साहित गर्दछ । उनले जोड दिएका छन्- सबै सामाजिक व्यवस्थाले आफ्नो आफ्नो संस्कारका लक्ष्यहरु/उद्देश्यहरु (Culturl Goals/Objectives) मिलाएको हुन्छ । मानिसहरुले संस्थागत मान्यता अनुरुप नै आफ्ना लक्ष्यहरु प्राप्त गर्न खोज्दछन् । सामाजिक व्यवस्थाले मान्यताप्राप्त उपायद्वारा लक्ष्य प्राप्त गर्न उत्साहित गरेको हुन्छ । तर अपशोच सामाजिक मान्यता अनुरुप लक्ष्य हासिल गर्न उनीहरुसँग जाति, जनजातिका कारणले, दक्षता, पुँजी, भौतिह र मानव साधनको कमीले अवसरको संरचनामा नगण्य मात्रामा पहुँच हुन्छ या हुँदैन । कैयौँ क्षमताको बजारमा माग (लक्ष्य र मुल्य) (Goals and Values) र आपुर्ति (Means) साधनहरुका बिचमा ठूलो खाडल हुने गरी परम्परागत रुपमा संगठित गरेको पाइन्छ । परिणामस्वरुप अवसरहरु नगण्य रुपमा हुन्छन् र ती अवसर प्राप्त गर्न उनीहरुले खेलका नियमहरुलाई अस्वीकार गर्दछन् या गर्न विवश हुन्छन् । आपराधिक उपायहरुबाट पनि आफ्नो लक्ष्य पूरा गर्नेतर्फ लाग्दछन् । (केही दिन अगाडि एउटा दैनिक (कान्तिपुर) ले समाचार दिएको थियो-एउटा डाक्टर कर्मचारीको छैँटौँ पटक छोरा जन्मेकोमा परिवार र आफन्त सबै खुसी छन् । हाम्रो संस्कारमा छोराको महत्व कति छ भन्ने थाहा हुन्छ । उत्तर भारत र हाम्रो दक्षिणी सीमानातिर पनि बहुसंख्यक हिन्दू र मुस्लिमहरुको विवाहमा आफ्नो खानदानअनुसार ‘तिलक’ दिन पहिले नै मोलतोल हुन्छ । त्यस्तो मोलतोल स्वभाविक छ । हाम्रो समाज र संस्कारको मान्यता पनि हो । समाजका कारणबाट नै मोलतोल गरी तिलक दिन बाध्य हुन्छ । यो बाध्यताले गर्दा नै धेरै छोरीहरुको विवाह गर्न तिलक दिनुपर्ने हुँदा व्यक्ति भ्रष्ट हुन विवश हुन्छ । तर यो समस्या मंगोलयनहरुमा नपाइने हुँदा भ्रष्टाचार पनि कम हुन सक्दछ ।) यिनीहरुले दोहोरो मापदण्ड लिए भन्नुमा कुनै आश्चर्य हुँदैन । यसैले Merton को भनाइमा आर्थिक सफलता नै मुख्य लक्ष्य मानेर जोड दिने संस्कारले अफलताको उत्प्रेरणा हुने कम धनी मुलुकहरुमा बढी भ्रष्टाचार देखिन्छ । यसमा प्रमाणका लागि टर्की, रुस, कोरिया आदि देशहरु लिने गरिएको छ ।

त्यसैगरी आर्थिक सफलता प्राप्तीका लागि औसत कमी भएको तर आवश्यक साधन र स्रोतहरु सजिलैसित पहुँच भएका देशहरु (स्केन्डिभियन मुलुकहरु) मा भ्रष्टाचारमा कमी पाइन्छ । यसबाट यो सिद्ध हुन्छ- जति जति आर्थिक सम्पन्नता र स्रोतहरु सबैको पहुँचभित्र आउँछ उति उति भ्रष्टाचार घट्दै जान्छ । यसैले भ्रष्टाचार र प्रतिव्यक्ति आय (Per Capita Income) को घनिष्ठ सम्बन्धले Merton को उक्त धारणालाई पुष्टि गर्दछ ।

परम्परागतवाद विपरीत आधुनिकतावादका केही विशेषताहरु हुन्छन्-तर्कसंगतता (Rationality), सानो परिवार (Small Family), उपलब्धि(Achievement), सामाजिक गतिशीलता (Social Mobility) र समान व्यवहारवाद (Univeralism) आदि । यी विशेषताहरुमा जोड दिँदा नै विकसित आर्थिक व्यवस्थाको उदय हुन्छ । विकसित आर्थिक व्यवस्थाको प्रादुर्भावले नै परिवारवाद र यसको मुल्य र मान्यतामा कमी आउन थाल्छ । बजार (Market), गुण (Merit), सबैलाई समभाव व्यवहार गर्ने (Universalism) मुल्यको संस्कारले आर्थिक उत्पादनमा बृद्धिका साथै आधुनिकताको घेरो फैलिँदै जान्छ । अभिभारा (Obligation), वफादारी (Loyalty) लाई जोड दिने सामन्ती संरचनालाई तोडिने क्षमताको बजारको संस्कार नै कारण हुन्छ ।

**प्रजातन्त्र र भ्रष्टाचार**

देशमा उत्पादन वृद्धि हुँदा आधुनिकीकरणले गति लिन्छ । यस अवस्थामा पनि भ्रष्टाचार घटाउन प्रजातान्त्रिकरणले मदत गर्दछ । Weber को भनाइमा प्रजातन्त्र भन्नासाथ विरोधी दलहरु, प्रेस स्वतन्त्रता, पारदर्शिता, विधिको शासन, प्रभावशाली स्वतन्त्र न्यायपालिका, निष्पक्ष निर्वाचन, शक्ति सन्तुलन आउँदछ । निर्वाचनमा सत्तारुढ दललाई हटाउन विपक्षी दलहरुले भ्रष्टाचारका मुद्दाहरु पनि उठाउन सक्दछन् । सत्तारुढ दलले पनि वैधता (Legitimacy) का लागि भ्रष्टाचारबाट चोखिन कानुनी लडाइँ लडीरहेको हुन्छ । प्रजातन्त्रले मात्रै पारदर्शिता, विधिको शासन, सुशासन, व्यक्तिगत स्वतन्त्रता, प्रभावकारी स्वतन्त्र न्यायपालिकाको व्यवस्था गर्दछ । यस प्रक्रियाले गर्दा समाजमा भ्रष्टाचार बढ्न दिँदैन । तानाशाही व्यवस्थामा भ्रष्टाचारको तह र घनत्व थाहा पाउन सकिँदैन, थाहा पाउने अधिकार पनि हुँदैन । सेभर्दनाद्जेको जर्जिया र सद्दामको इराकमा कति भ्रष्टाचार छ भन्ने कुरा सरकार या व्यवस्थाको पतनपछि मात्रै थाहा भयो । फ्रान्समा ३० प्रतिशत कर्मचारी र मन्त्रीहरुमाथि मुद्दा चल्छ । धेरैले सफाइ पाउँछन्, थोरैले सजाय पाउँछन् । यो साधारण प्रक्रिया हो । तानाशाही या सामन्ती समाजमा भ्रष्टाचार सरकारमा रहनेहरुले आफ्नो विशेष अधिकार ठान्दछन् ।

**निष्कर्ष**

भ्रष्टाचार सर्वशक्तिमान, सर्वव्यापक र अदृश्य हो । यसलाई नियन्त्रण गर्न प्रभावशाली संयन्त्र र कानुनको आवश्यकता पर्दछ । भ्रष्टाचारको नियन्त्रण गर्दा विधि शासन र प्रभावशाली स्वतन्त्र न्यायपालिका भूमिका अति महत्वपूर्ण हुन्छ । राजनीतिक प्रतिशोधले यसको उद्देश्यमा नै चोट पार्दछ । हाम्रो देशमा बहादुर शाह, शेरबहादुर शाह तथा काजी त्रिभुवनखवास, भीमसेन थापा र बी.पी कोइरालामाथि राजनीतिक प्रतिशोधबाट भ्रष्टाचारको मुद्दा उठाइएको थियो । इतिहासबाट यो सिद्ध भयो कि यसले प्रतिगमनलाई मात्रै मदत गऱ्यो । विधिको शासनको मर्म हो-सबै मुद्दामा सबैलाई समान व्यवहार गर्नु । मुद्दामा राजादेखि रंकसम्मलाई कानुनमा समान व्यवहार हुनुपर्दछ । रिस साध्ने र राजनीतिक प्रतिशोधले काम कहीँबाट कसैले कहिल्यै गर्नुहुँदैन । मुद्दामा कसैलाई काखा र कसैलाई पाखा गर्न मिल्दैन । पारदर्शिता र फैसलाको कार्यान्वयनको अभावमा न्याय मर्दछ । यो तात्कालिक कदम हो भने अर्को महत्वपूर्ण कदम देशको आधुनिकीकरण र आर्थिक विकास हो । यसबाट हाम्रो सामन्ती संस्कारबाट क्षमताको बजारमुखी अर्थतन्त्रको संस्कार पैदा हुन्छ जहाँ कडा परिश्रम गर्ने, पुँजी जम्मा गर्ने, भाग्यमा विश्वास नगर्ने, यो लोकलाई विश्वास गर्ने, तर्कसंगत हुने, सामाजिक गतिशीलतामा जोड दिने, सबैलाई समान व्यवहार र समान अवसर दिने संस्कारबाट मात्रै भ्रष्टाचारलाई मौलिक रुपमा घटाउन सकिन्छ । प्रजातन्त्र, प्रजातन्त्रीकरण र विधिको शासन र पारदर्शिता हाम्रो आधार हुनुपर्दछ ।

**सन्दर्भ स्रोत**


१. **मुलुकी ऐन : एक विवेचना**, ज्ञाइन्द्रबहादुर श्रेष्ठ
२. **ऐन संग्रह : एक टिप्पणी**, ज्ञाइन्द्रबहादुर श्रेष्ठ
३. **नेपालको ऐतिहासिक रुपरेखा**, बालचन्द्र शर्मा
४. **श्री ३ हरुको तथ्य वृत्तान्त**, पुरुषोत्तमशमशेर ज.ब.रा
५. **भ्रष्टाचारको शल्यक्रिया**, हरिबहादुर थापा
६. **सुगौली सन्धिको कार्यान्वयन**, डा. सुरेन्द्र के.सी (विमर्श)
७. दैनिक 'कान्तिपुर', दैनिक 'हिमालय टाइम्स', साप्ताहिक 'विमर्श' र साप्ताहिक 'देशान्तर' र अरु पत्रपत्रिकाका भ्रष्टाचार सम्बन्धी लेखहरु
८. **Culture Matters**, Lawrence E. Harrison & Samule P. Huntington
९. **Political Corruption in Europe and Latin America**, Walter Little & Eudardo P. Carbo
१०. **Corruption, Governance and International Cooperation**, Dr. Devendra Raj Panday
११. **Transparency and Accountability against Corruption in Nepal**, Edt. Rabindra Khanal
१२. **A Century of Family Autocracy in Nepal**, Dr. D. R.Regmi
१३. **Firing Corruption**, R.K. Regmee

१४.**Transparency International Corruption Perceptions Index 2003**, Transparency International Secretariat